# प्रभाव दैनिक

National Daily

वर्ष ११ | अंक ३४ | काठमाडौं | आइतबार, १३ जेठ २०८१ | Prabhab National Daily | Sunday, May 26, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


## चीनसँगको १४ नाका पुनः सञ्चालनमा




उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ र चीनको तिब्बत स्वायत्त क्षेत्रका उपाध्यक्ष सिलाङ निमा चीनको छेन्ताङमा शनिबार आयोजित समारोहबीच किमाथांकासहित नेपाल–चीन सीमामा रहेका १४ वटै व्यापारिक नाका पुनःसञ्चालन भएको घोषणा गर्दै । *तस्बिर: अशोक घिमिरे/रासस*

■ **प्रभाव संवाददाता**

- किमाथांका नाका खुलेपछि भोटखोलावासी उत्साहित
- व्यापारिक नाका खुलेसँगै सीमा क्षेत्रमा राज्यका उपस्थिति, भन्सार राजस्वमा वृद्धि, स्थानीय उत्पादनको बिक्री तथा रोजगार सिर्जना हुने
- खुलेका सीमानाकामा आवश्यक सरकारी कार्यालय पुनःस्थापनाको तयारी

**संखुवासभा–** संखुवासभाको किमाथांकासहित चीनसँग जोडिएका १४ वटै नाका शनिबारदेखि पुनः सञ्चालनमा आएका छन् । कोरोना संक्रमण फैलिने डरले चीन सरकारले २०७६ माघ ५ गतेदेखि विभिन्न नाका बन्द गरेको थियो ।

उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ र चीनको स्वशासित क्षेत्र तिब्बतका उपाध्यक्ष सिलाम निमाले चीनको छेन्ताङमा शनिबार आयोजित एक समारोहबीच किमाथांकासहित नेपाल–चीन सीमामा रहेका १४ वटै नाका पुनः सञ्चालनमा आएको संयुक्तरूपमा घोषणा गरे । नाका सञ्चालनको घोषणा कार्यक्रममा चीनको छेन्ताङ पुगेर फर्किने क्रममा संखुवासभाको तुम्लिङटार विमानस्थलमा सञ्चारकर्मीसँग कुरा गर्दै उपप्रधानमन्त्री श्रेष्ठले परम्परागत नाका सञ्चालनमा आएको औपचारिकरूपमा घोषणा गरिएको बताए ।

उपप्रधानमन्त्री श्रेष्ठका अनुसार सात नाका शनिबारदेखि नै सञ्चालनमा आएका छन् भने अन्य सात नाका चाँडै खुला हुने छन् । नेपाल सरकारको निरन्तरको कूटनीतिक प्रयासपछि किमाथांकासहित १४ वटा व्यापारिक नाका खुलाउन सफल भएको उनले बताए । गत वर्ष चैतमा जनवादी गणतन्त्र चीनको औपचारिक भ्रमणका अवसरमा नेपाल–चीन सीमा क्षेत्रमा रहेका सम्पूर्ण परम्परागत व्यापारिक नाका क्रमशः खुलाउने समझदारी भएअनुसार नै नाका पुनः सञ्चालन गरिएको उपप्रधानमन्त्री श्रेष्ठले बताए ।

उद्घाटन समारोहमा भाग लिन कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की, गृह र परराष्ट्र मन्त्रालयका सहसचिव, प्रमुख जिल्ला अधिकारी, जिल्लास्थित सुरक्षा निकायका प्रमुखलगायत उच्चपदस्थ अधिकारी सहभागी प्रतिनिधिमण्डल चीनको छेन्ताङ पुगेको थियो ।

(क्रमशः पृष्ठ २ मा)

## विकासका लागि 'बालेन विद्रोह'

- सन् २०१२ को डिसेम्बरमा तीन वर्षमै सकिने गरी सांघाई कन्स्ट्रक्सनले जिम्मा लिएको कलंकी–महाराजगञ्ज चक्रपथ अलपत्र अवस्थामा
- पानी पर्दा हिलो र घाम लाग्दा धुलोले सर्वसाधारणलाई सास्ती
- चक्रपथ चाँडो बनाउन दबाबसहित काठमाडौं महानगर प्रमुख बालेनको विद्रोह




बबरमहलस्थित सडक विभागको गेटमा काठमाडौं महानगरपालिकाले फालेको फोहोर (बाँया) र कलंकी–महाराजगञ्ज चक्रपथ विस्तारमा ढिलाइले देखिएको अस्तव्यस्त सडक ।

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** बालेन्द्र (बालेन) साह काठमाडौं महानगरपालिकाका प्रमुख हुन् । उनी देशकै शक्तिशाली स्थानीय सरकारका प्रमुख हुन् । उनै बालेन नै विकासका लागि विद्रोहको बाटो रोज्न बाध्य भएका छन् ।

उनको पछिल्लो विद्रोह हो– सडक विभागको गेटमा फालिएको फोहोर । शनिबार बालेनले विभागको बबरमहल र मीनभवनस्थित कार्यालयमा एक–एक ट्रक धुलो खसाले । उक्त धुलो आफैंले खसालेको उल्लेख गर्दै प्रमुख साहले सामाजिक सञ्जाल फेसबुकमार्फत उपप्रधान एवं भौतिक पूर्वाधार तथा यातायतमन्त्री रघुवीर महासेठलाई पायक पर्ने ठाउँमा दैनिक एक ट्रक धुलो उपहार पठाउने घोषणासमेत गरे । प्रमुख साहले स्टाटससँगै सडक विभागअन्तर्गतको सडक सुपरीवेक्षण तथा अनुगमन कार्यालय काठमाडौंको गेटमा एक ट्रक धुलो फर्याँकिएको भिडियोसमेत सार्वजनिक गरे ।

'तपाईंको ठाडो आदेशले भइरहेको कुनै काम रोक्न सक्नुहुन्छ भने त्यही आदेशले बनाउन पनि सक्नुहुन्छ होला । विगत १५ वर्षदेखि काठमाडौंको जनताले कलंकीदेखि महाराजगञ्जसम्म चक्रपथ बिस्तारको नाममा धेरै धुलो र कष्ट बेहोर्नुपरेको छ,' मन्त्री महासेठलाई सम्बोधन गर्दै बालेनले लेखेका छन्, 'काठमाडौंमा हुने आधाभन्दा बढी प्रदूषणमा त्यहाँकै धुलोको हात छ, जसले गर्दा महानगरवासीले धुलो धुँवा खानुपरेको छ, त्यो बाटो प्रयोग गर्नुपर्नेहरूले सवारीसाधन मर्मतमा खर्च बढी गर्नुपरेको छ, पुग्न अबेला भोग्नुपरेको छ । र, काठमाडौं महानगरले अकारणमा गाली खानुपरेको छ । यो धुलो जनताले मात्र खाँदा राम्रो देखिँदैन । जबसम्म तपाईं काम अगाडि बढाउनु हुन्न, हरेक दिन तपाईंलाई पायक पर्ने ठाउँमा एक ट्रक धुलो उपहार पठाउने छु माया सम्झेर स्वीकार्नुहोला ।'

काठमाडौंको कलंकीदेखि चाबहिल क्षेत्रसम्मको चक्रपथ क्षेत्र अस्तव्यस्त भएको धेरै भयो । सन् २०१२ मा तीन वर्षमै सम्पन्न गर्ने गरी चीन सरकार र नेपाल सरकारबीच सम्झौता भएको यो सडक १२ वर्ष बितिसक्दा पनि बनेको छैन । यही सडक ललितपुर क्षेत्रमा भने चिटिक्क बनिसकेको छ ।

> ...यो धुलो जनताले मात्र खाँदा राम्रो देखिँदैन । जबसम्म तपाईं काम अगाडि बढाउनु हुन्न, हरेक दिन तपाईंलाई पायक पर्ने ठाउँमा एक ट्रक धुलो उपहार पठाउने छु माया सम्झेर स्वीकार्नुहोला ।
>
> ■ **बालेन्द्र साह**
> **प्रमुख, काठमाडौं महानगरपालिका**

यसैबारे बालेनले गत फागुन २९ गते लामो स्टाटस लेखेका थिए । 'तीन वर्षभित्र आयोजनालाई पूर्ण रूपमा सम्पन्न गर्ने लक्ष्य राखिएको योजना १२ वर्ष बितिसक्दा थालनी हुनेसम्मको पनि संकेत देखिँदैन,' त्यतिबेला बालेनले चिनियाँ सरकारको काम गर्ने गतिमाथिसमेत प्रश्न गरेका थिए, 'यो अवस्था भोगेका हामी नेपालीले, चीनले २४ घण्टामा ठूला–ठूला भौतिक संरचना निर्माण गर्छ भन्ने समाचार कसरी पत्याउनु ? नेपालको संघीय राजधानी सहरकै हालत यस्तो छ, नेपालका दूर दराजको विकास पद्धतिले फड्को मार्छ, भनेर कसरी विश्वास गर्नु ?'

त्यतिबेला उनले काठमाडौंका सडकलाई सफा पार्न सक्दो प्रयास गरे पनि चक्रपथ क्षेत्रको फोहोरका कारण कुनाकुनामा समस्या भएको बताएका थिए । 'काठमाडौंका सडकलाई धुँवा धुलोमुक्त बनाउन सडक बढार्ने, टिपनटापन गर्ने, ब्रुमर लगाउने र पानीले पखाल्ने गरेका छौं । यति गर्दा पनि सडकको अपेक्षित सफाइ प्राप्त गर्न सकेका छैनौं । यसका कारणमध्येको प्रमुख, चक्रपथ सुधार आयोजनाको वर्षौंसम्म नसकिने काम हो । चक्रपथबाट सहर प्रवेश गर्ने सवारीसाधनले चक्रपथको धुलो सहरका कुनाकुनासम्म पुर्‍याउने गरेका छन् । यसकारण नियमित प्रयत्न गरे पनि भित्री सहरी क्षेत्रको सडक अव्यवस्थित र फोहोर देखिने गरेको छ,' त्यतिबेला बालेनले भनेका थिए ।

(क्रमशः पृष्ठ ५ मा)

**सन्दर्भः वैदेशिक रोजगार**

### सामाजिक सुरक्षा योजनामा वैदेशिक रोजगारीमा रहेका श्रमिक

## निरन्तरता दिने १० प्रतिशतमात्रै

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगारीमा रही सामाजिक सुरक्षा कोषमा आबद्ध अधिकांश श्रमिकले निरन्तरता नदिएको पाइएको छ । सरकारले विदेशमा काम गर्न जाने श्रमिकलाई अनिवार्य कोषमा आबद्ध हुनुपर्ने व्यवस्था गरेको छ । यसको कार्यान्वयनमा भने जटिलता देखिएको कोषले जनाएको छ ।

अनिवार्य व्यवस्था गरेका कारण वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिँदा पहिलोपटक सामाजिक सुरक्षा योजनामा योगदान दिने कामदारले विदेश पुगेपछि निरन्तरता नदिनने गरेको कोषको तथ्यांकले देखाएको छ । जसअनुसार नेपालबाट श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका कामदारमध्ये ९० प्रतिशतले योगदानबापतको रकम नियमित रूपमा जम्मा गरेको देखिँदैन । जेठको पहिलो सातासम्म वैदेशिक रोजगारीमा गएका झण्डै आठ लाख ५५ हजार श्रमिक सामाजिक सुरक्षा योजनामा आबद्ध भएका तथ्यांक छ । यसरी आबद्ध भएकाहरूमध्ये १० प्रतिशतले मात्र नियमित कोषमा जम्मा गर्ने गरेको कोषको भनाइ छ ।

वैदेशिक रोजगारीमा जाँदा सुरक्षा योजनामा आबद्ध भएर पहिलोपटक रकम जम्मा गरे पनि विदेश गइसकेपछि ९० प्रतिशतभन्दा बढीले कोषमा निरन्तर योगदान नगरेको कोषका प्रवक्ता विवेक पन्थीले बताए । उनका अनुसार अहिलेसम्मको अवस्थाले श्रम स्वीकृति लिनमात्र योजनामा आबद्ध भएको हो कि भन्ने आशंका बढाएको छ । अर्कोतिर सरकारले विदेश जानेलाई मात्र नभएर वैदेशिक रोजगारीमा पहिलेदेखि रहेका नेपालीलाई पनि समाजिक सुरक्षा योजनामा आबद्ध हुने व्यवस्था गरेको छ । विदेशमा काम गरिरहेका नगन्य मात्रामा नेपाली कामदार योजनामा आबद्ध भएको देखिए पनि अधिकांश कामदारले कुनै चासो नदिएको कोषको तथ्यांकले देखाएको छ ।

यद्यपि, विदेशमा काम गरिरहेका जति कामदार आबद्ध भएका छन् उनीहरूले भने नियमित रूपमा कोषमा योगदान गरिरहेको प्रवक्ता पन्थीले बताए । 'पहिलो चोटी श्रम स्वीकृति लिँदा योगदानमा आबद्ध हुने अनिवार्य व्यवस्था भए पनि त्यसपछि निरन्तरता नदिने प्रवृत्तिले कोषको सूचीकरणमा कामदारको संख्यामात्रै बढाएजस्तो भएको छ,' उनले भने, 'विदेशमा गएर प्रत्येक महिना रकम जम्मा गर्नुपर्छ भन्ने जानकारी नभएका कारण पनि धेरैले यस योजनालाई निरन्तरता नदिएको हुन सक्छ ।'




> वैदेशिक रोजगारीमा गएका आठ लाख ५५ हजार कामदार सूचीकृत हुँदा कोषमा एक अर्ब ७८ करोड रूपैयाँभन्दा बढी रकम जम्मा भएको छ । यसरी वैदेशिक रोजगारीमा जाँदा आबद्ध भएका सबै कामदारले नियमित रकम जम्मा गर्ने हो भने प्रतिमहिना दुई अर्ब रूपैयाँभन्दा बढी रकम संकलन हुने छ ।

वैदेशिक रोजगारीमा रहेका वा स्वरोजगारमा रहेकाले योगदानमा निरन्तरता नदिँदा भोलिका दिनमा केही भइहालेमा कोषबाट उपलब्ध सेवासुविधाको उपभोग गर्न नपाउने कोषले प्रस्ट पारेको छ । सरकारले सुरक्षा योजनाबाट सुविधा लिन योगदानकर्ताले घटना घटेको मितिभन्दा अधिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने कानुनी व्यवस्था गरेको छ । सरकारले २०७९ चैतबाट वैदेशिक रोजगारीमा रहेका कामदारलाई पनि सामाजिक सुरक्षा योजनामा आबद्ध गराउने व्यवस्था कार्यान्वयनमा ल्याएको थियो । विदेश जानेहरूलाई नेपाली औद्योगिक क्षेत्रका कामदारका लागि तोकिएको न्यूनतम पारिश्रमिकको कम्तीमा २१ प्रतिशत योगदान गर्नुपर्ने प्रावधान छ । जसअनुसार वैदेशिक रोजगारीमा जाने कामदारले सुरक्षा योजनामा आबद्ध हुन मासिक दुई हजार ३०० रूपैयाँ बुझाउनुपर्छ ।

वैदेशिक रोजगारीमा गएका आठ लाख ५५ हजार कामदार सूचीकृत हुँदा कोषमा एक अर्ब ७८ करोड रूपैयाँभन्दा बढी रकम जम्मा भएको कोषले जनाएको छ । यसरी वैदेशिक रोजगारीमा जाँदा आबद्ध भएका सबै कामदारले नियमित रकम जम्मा गर्ने हो भने प्रतिमहिना दुई अर्ब रूपैयाँभन्दा बढी रकम संकलन हुने कोषले जनाएको छ ।

वैदेशिक रोजगारी जाने तयारीमा रहेका, विदेशमा रहेका र श्रम स्वीकृति नवीकरण गर्ने बेला कामदारले सुरक्षा योजनामा आबद्ध हुनसक्ने कोषले जनाएको छ । यसैगरी नवीकरण गर्ने बेला नभएकाहरू पनि वैदेशिक रोजगार विभाग र सामाजिक सुरक्षा कोषको वेबसाइटमार्फत सहभागी हुन सक्ने व्यवस्था मिलाइएको छ । कोषमा हाल अनौपचारिक, वैदेशिक रोजगार तथा स्वरोजगार गरेर १३ लाख २१ हजार ९६० योगदानकर्ता पुगेका छन् । सबै क्षेत्रका योगदानकर्तामार्फत कोषमा हालसम्म ५४ अर्ब २६ करोड रूपैयाँ योगदान भएको कोषले जनाएको छ ।



पृष्ठ १ बाट क्रमशः

### चीनसँगको १४ ...

किमाथांका नाका खुलेपछि भोटखोलावासी उत्साहित भएका छन् । विगतमा यहाँका बासिन्दाले चिनियाँ बजारबाट खाद्यान्न आयात गर्दै आएका थिए । तर नाका बन्द भएपछि उनीहरूलाई समस्या भएको थियो ।

किमाथांकामा २०३५ सालमा भन्सार कार्यालय स्थापना भएको थियो । सशस्त्र द्वन्द्वपछि भोटखोलाको हटियास्थित सीमा भन्सार कार्यालय २०५७ सालमा सदरमुकाम खाँदबारी सारिएको थियो । भोटखोलावासीलाई तिब्बत प्रवेश गर्न स्थानीयस्तरमा अनुमतिपत्र वितरण गरिएको छ । किमाथांका नाका सदरमुकामदेखि १६२ किलोमिटर टाढा पर्छ ।

रसुवागढी-केरुङ, तातोपानी-झाङ्मु, यारी-पुरान तथा नेचुङ-लिची (कोरला) व्यापारिक नाका यसअगावै सञ्चालनमा आइसकेका छन् । ताप्लेजुङको टिप्तला नाका पनि शुक्रबारदेखि पुनः सञ्चालनमा आएको छ । उत्तरी क्षेत्रमा रहेका सम्पूर्ण व्यापारिक नाका खुलेसँगै सीमा क्षेत्रमा राज्यका उपस्थिति हुने, भन्सार राजस्वमा वृद्धि हुने, स्थानीय उत्पादनको बिक्री तथा रोजगार सिर्जना हुने छ ।

'अहिले उत्तरी सीमाका सीमित नाकाबाट मात्रै भन्सार राजस्व संकलन भइरहेकामा नाका खुलेसँगै भन्सार राजस्वमा योगदान थप्छ,' संखुवासभाका प्रमुख जिल्ला अधिकारी ध्रुवबहादुर खड्काले भने, 'हिमाली क्षेत्रमा उत्पादन हुने परम्परागत हस्तकलाका सामग्रीले चिनियाँ बजारमा सहजै प्रवेश पाउँछन् ।'

सीमानाका सञ्चालनमा नआउँदा उत्तरी क्षेत्रका रोजगारी ठप्प भएका थिए । 'अब चिनियाँ भूभागमा गएर रोजगारी गर्न पाउने अवसर खुल्छ, सीमा क्षेत्रमा हुने भन्सार गतिविधिले रोजगारी पनि सिर्जना गर्छ,' प्रमुख जिल्ला अधिकारी खड्काले भने । सीमानाका खुलेसँगै उच्च हिमाली क्षेत्रका जनताको जीवनस्तरमा ठूलो परिवर्तन ल्याउने उनको भनाइ छ ।

#### स्थानीयस्तरमा बढ्यो उत्साह

२०७६ माघ ५ गतेदेखि बन्द रहेको किमाथांका नाका खुलेसँगै स्थानीयस्तरमा ठूलो उत्साह बढेको प्रजिअ खड्का बताउँछन् । नाका खुलेको खुसियालीमा शनिबार भोटखोला क्षेत्रमा ठूलो व्यापार मेला आयोजना गरिएको उनले जानकारी दिए । मेलामा सहभागी हुन सदरमुकामबाट व्यापारीको टोली शुक्रबार नै त्यहाँ आएका थिए ।

किमाथांका नाकासँग भोटखोला गाउँपालिका जोडिएको छ । भोटखोला गाउँपालिकाका वडा नं १, २ र ३ ले उत्तरी छिमेकी चीनको भूभाग छोएका छन् । किमाथांका-छेन्ताङ नाकाको प्रवेश बिन्दु भोटखोला वडा नं १ मा पर्छ । भोटखोलामा करिब पाँच हजार मानिसको बसोबास रहेको अनुमान छ । यहाँ आलु र कोदोमात्र उत्पादन हुँदै आएको छ । स्थानीय उत्पादनले मुस्किलले दुई/तीन महिनाको मात्र माग धान्ने स्थानीयको भनाइ छ ।

नाका बन्द भएसँगै सीमावर्ती क्षेत्रसँग जोडिएको भोटखोलाका स्थानीयको जनजीवन कष्टकर हुँदै आएका थिए । भोटखोला गाउँपालिकाका अधिकांश जनता खाद्यान्नलगायत दैनिक उपभोग्य वस्तुका लागि सीमावर्ती चिनियाँ बजारमा निर्भर हुँदै आएका थिए ।

सीमावर्ती क्षेत्रका नागरिकले उत्पादन गरेका चौरीको दूध, घिउ, भेडाको ऊन र जडीबुटीलगायत चिनियाँ बजारमा बिक्री गर्ने तथा चौरी तथा भेडा चरनका लागि चिनियाँ भूभागमा लाँदै आएका प्रजिअ खड्काले बताए । नेपालमा चौँरी तथा भेडाका लागि खर्कको अभाव छ । चीनको तिब्बत क्षेत्रमा रहेका खर्कमा उत्तरी सीमावर्ती क्षेत्रका स्थानीयले चौँरी तथा भेडा चराउने गरेका थिए ।

किमाथांका नाकाबाट मुख्य गरी स्थानीय उत्पादन तथा दैनिक जीविकाका सामग्रीको व्यापार हुँदै आएको थियो । किमाथांका नाकामा अझै पनि सडक सञ्जाल पुगेको छैन । 'अहिले पनि सडक पुगेको स्थानबाट दुई दिन हिँडेर नाका पुग्न सकिन्छ, निकै विकट स्थानमा भएकाले सदरमुकामबाट चामल, नुन, तेल, चिनीलगायत दैनिक अत्यावश्यक वस्तुको आपूर्ति गर्न असहज छ,' प्रमुख जिल्ला अधिकारी खड्काले भने । सीमावर्ती क्षेत्रका स्थानीयले दैनिक आवश्यकताका वस्तु चिनियाँ बजारमा खरिद गरेर ल्याउने गरेका थिए ।

चीनले यसअघि देखि नै नेपालका चौँरी तथा भेडालाई तिब्बतका खर्कमा चरन सुविधा उपलब्ध गराउँदै आएको थियो । यसका लागि दुवै देशबीच सहमति भएको थियो । कोरोना महामारीका बेला नाका बन्द भएसँगै सीमावर्ती बासिन्दाले चरन सुविधा पनि गुमाएका थिए । 'नेपालका चौँरी र भेडाको चरन खर्क उतै (चीन)मा थियो, नाका बन्द भएपछि साह्रै नै सकस भएको थियो,' उनले भने, 'नाका खुलेसँगै अब सीमावर्ती क्षेत्रको जनजीवन सहज हुने छ ।'

#### सरकारी कार्यालय स्थापना गरिँदै

प्रमुख जिल्ला अधिकारी खड्काले सीमानाका खुलेसँगै आवश्यक सरकारी कार्यालय पुनःस्थापनाको प्रक्रिया अघि बढेको बताए । तत्कालका अस्थायीरूपमा सीमा प्रशासन कार्यालय स्थापना गरिएको र आगामी आर्थिक वर्षको सुरुआतसँगै आफ्नै भवन निर्माण गरेर कार्यालय सञ्चालन गरिने उनको भनाइ छ । 'सीमा प्रशासनका कर्मचारी किमाथांका पुगिसकेका छन्,' उनले भने, 'सो कार्यालयबाट के-के सेवा दिन सकिन्छ भन्ने अध्ययन गरेर निर्णयमा पुगिने छ ।'

आगामी साउन १ गतेदेखि किमाथांकाबाट नै सेवा प्रवाह गर्ने गरी तयारी थालिएको प्रजिअ खड्काले जानकारी दिए । विसं २०३५ मा किमाथांकामा सीमा प्रशासन स्थापना भएको थियो । द्वन्द्वका कारण २०५७ सालमा सीमा प्रशासन कार्यालय विस्थापित भएर सदरमुकाममा झरेको थियो ।

सीमानाका सञ्चालन गरेर सीमावर्ती क्षेत्रमा सहज आवतजावतका व्यवस्था मिलाउन भोटखोलावासीले पटक-पटक सरकारको ध्यानाकर्षण गराउँदै आएका थिए । नाका खोल्नका लागि नेपाल र चीनका स्थानीय अधिकारीबीच पटक-पटक वार्ता भए पनि नाका खुल्ने वातावरण बन्न सकेको थिएन ।

*(राससको सहयोगमा)*

# टिओआरमा अझै जुटेन सहमति

**काठमाडौं (प्रस)–** सहकारी ठगी प्रकरण छानबिनका लागि गठन गरिने संसदीय छानबिन समितिको कार्यादेश (टिओआर) सम्बन्धमा प्रमुख राजनीतिक दलका शीर्ष नेताहरूबीच शनिबार पनि सहमति जुट्न सकेन । कार्यदलको शनिबारको बैठकपछि संयोजकसमेत रहेका कानुनमन्त्री पदम गिरीले सहमति भइसकेको र शीर्ष दलको बैठकबाट टुंग्याइने बताएका थिए ।

'सहमतिको नजिक पुग्नेगरी आज हामीले छलफल गरेका छौं । हामी अन्तिम बिन्दुमा पुगेका छौं । अब बालुवाटारमा नेताहरू बसेपछि टुंगो लाग्छ,' कानुनमन्त्री गिरीले शनिबारको बैठकपछि भनेका थिए । तर बालुवाटारमा शनिबार साँझ बसेको शीर्ष नेताबीचको बैठकमा कुनै सहमति हुन सकेन । बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल, नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, नेपाली कांग्रेसका उपसभापति पूर्णबहादुर खड्कालगायत सहभागी थिए ।

कार्यादेशमा सहमति जुट्न नसकेपछि बैठक आज (आइतबार) बस्ने सहमति भएको नेपाली कांग्रेसका सहमहामन्त्री जीवन परियारले जानकारी दिए । सहमहामन्त्री परियारले छलफल सकारात्मक भए पनि टुंगोमा पुर्‍याउने बाँकी काम आज शीर्ष नेताबीचको बैठकले गर्ने बताए । 'सहकारी सञ्चालकहरू, गोर्खा मिडिया नेटवर्कलगायतका कम्पनीहरू, यसका सञ्चालक समितिका पदाधिकारी, प्रबन्ध निर्देशक र आवश्यक अन्य कर्मचारीका बारेसमेत छानबिन गरिनुपर्छ भन्ने कुरा उठायौं । त्यो कुरामा सहमति हुन सकेन,' परियारले भने ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापतिसमेत रहेका उपप्रधान तथा गृहमन्त्री रवि लामिछाने सहकारी ठगी प्रकरणमा संलग्न रहेको आरोप लगाउँदै लामो समयदेखि कांग्रेसले विरोध गर्दै आएको छ । कांग्रेसले संसदीय छानबिन समितिबाट मात्र यो मुद्दा पार लाग्ने भन्दै सदनदेखि सडकसम्मै आन्दोलनका कार्यक्रम सार्वजनिक गरिसकेको छ । तर सत्तापक्षले भने कांग्रेसका मागको कुनै सुनुवाइ नगर्ने देखिएको छ ।

कांग्रेसले लामिछानेमाथि अनुसन्धान गर्न माग जारी राखेपछि सरकारले जेठ ५ गते कानुनमन्त्री पदम गिरीको संयोजकत्वमा कार्यदल गठन गरेको थियो । उक्त कार्यदलले छानबिन समितिको कार्यादेश तय गर्ने जिम्मेवारी पाएको थियो । तर समितिको बैठकमा कार्यादेशबारे अझै सहमति जुट्न नसकेको हो । कार्यदलमा प्रमुख तीन दलबाट एक-एक जना र सरकारका तर्फबाट कानुनमन्त्री रहेका छन् । कार्यदलमा कानुनमन्त्री गिरी, कांग्रेस सहमहामन्त्री परियार, एमाले प्रमुख सचेतक महेश बर्तौला र रास्वपाबाट शिशिर खनाल रहेका छन् । बिहीबारको बैठकमा कांग्रेस नेता ज्ञानेन्द्रबहादुर कार्की पनि सहभागी थिए ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-YASMINE DELIVERY COMPANY FOR DELIVERING CONSUMER ORDERS

पूर्व स्वीकृति मिति २०८१/०२/११ LT. No. 305263 चलानी नं. ६०२१७६४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 10 | 0 | 140 | ६०६४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २० गते (2st Jun 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

यो विज्ञापन LT No. 305064 मितिः २०८१/०२/०६ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**

श्रम इजाजत न .७९७/०६५/०६६

Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal
Tel.+977-01-4720350, 4720849, 5908112
E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७९/०५/२१ मा दर्ता भएको प्रा.लि. नं. २९८३३२ को **मिवज्युअल्स एण्ड डेलिकेसी प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७९/०५/२१ मा दर्ता भएको प्रा.लि. नं. २९८३३१ को **आशागितृ एग्रो होम प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

प्रदेश सरकार
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय
पूर्वाधार विकास कार्यालय,
बाग्लुङ

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

(प्रकाशित मिति २०८१/०२/१३)

उपरोक्त सम्बन्धमा यस कार्यालयद्धारा प्रकाशित निम्न बमोजिम वोलपत्र आव्हान सम्बन्धी सूचना (Single Stage Two Envelope ) अनुसार दर्ता हुन आएका वोलपत्रहरु मध्ये प्राविधिक प्रस्तावको मूल्याङकनमा निम्न अनुसारको वोलपत्रदाताहरुले प्राविधिक प्रस्तावका शर्तहरु पुरा गर्न सफल भएको हुँदा सफल वोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८१/०२/२० गते दिनको ११:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजानिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) को उपनियम ५ तथा ६ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी सूचना प्रकाशन गरिएको छ ।

| S.No. | ठेक्का नं | कामको विवरण | वोलपत्रदाताहरु | Address |
|---|---|---|---|---|
| 1 | IDOBAGLUNG/NCB/W/R/060/2080/81 | Upgrading of Jaljala Sisakhani Road, Badigad 3 & 4 , Baglung | ABC-ANC-MDN J/V | Resunga-10, Gulmi |
| 2 | | | Jaya Ma-OM Nama JV | Manikapur- 9 Dang |
| 3 | | | P.M./ Pradesh J.V | Lalitpur, Nepal |
| 4 | | | APL-SNSPL JV | Dhorpatan-01, Baglung |
| 5 | | | Sarba Shakti Mahamaya Nirman Sewa | Gangabu Kathmandu |
| 6 | | | Ombuddha-MKS JV | Sindhuli, Nepal |
| 7 | | | Sisne - KTM - Jayalaxmi JV | Baglung Municipality-03 |

## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

जेठ १३ गते २०८१, आइतबार

| | |
|---|---|
| **मेष** | पेशा व्यावसायमा फाइदा, तारिफा योग्य काम । |
| **वृष** | मिहिनेतले प्रतिक्षा गरिएको उपलब्धि हासिल हुनेछ । |
| **मिथुन** | बोलिको माध्यमले काम सम्पन्न हनेुछ । |
| **कर्कट** | शत्रु परस्त हुनाले नयाँ अवसर प्राप्त हुनेछ । |
| **सिंह** | काम प्रारम्भ गर्न सकिनेछ । |
| **कन्या** | मिहिनेतले आटेको काम सम्पन्न हुनेछ । |
| **तुला** | मिहिनेतले काम, दाम र इमान हात पर्नसक्ला । |
| **वृश्चिक** | व्यवसायिक काममा फाइदा हुनेछ । |
| **धनु** | रोकिएका काम दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला । |
| **मकर** | सातामा संघर्ष गरेपनि सफलता पाइएला । |
| **कुम्भ** | बुद्धिको उपयोगले चुनौति पन्छाउन सकिनेछ । |
| **मीन** | रमाइलो जमघट र खानपानको आनन्द हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

जेठ १३ गते, २०८१, २६ मे, २०२४

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.०४ | १३३.६४ |
| युरो | १ को | १४४.६४ | १४५.२९ |
| पाउन्ड स्टिर्लङ | १ को | १६८.९७ | १६९.७४ |
| स्विस फ्रैन्क | १ को | १४६.३४ | १४७.०० |
| अस्ट्रेलियन डलर | १ को | ८९.०४ | ८९.४५ |
| क्यानाडियन डलर | १ को | ९७.७४ | ९८.१९ |
| सिँगापुर डलर | १ को | ९८.८७ | ९९.३१ |
| जापानी येन | १० को | ८.५५ | ८.५९ |
| चिनियाँ युआन | १ को | १८.४२ | १८.५० |
| साउदी अरब रियाल | १ को | ३५.४७ | ३५.६३ |
| कतारी रियाल | १ को | ३६.४९ | ३६.६६ |
| थाई भाट | १ को | ३.६९ | ३.७० |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२२ | ३६.३८ |
| मलेसियन रिङेट | १ को | २८.३८ | २८.५१ |
| दक्षिण कोरियन वन | १०० को | ९.८३ | ९.८८ |
| स्विडिस क्रोनर | १ को | १२.४२ | १२.४७ |
| डेनिस क्रोनर | १ को | १९.३८ | १९.४७ |
| हङकङ डलर | १ को | १७.०५ | १७.१३ |
| कुवेती दिनार | १ को | ४३३.१७ | ४३५.१३ |
| बहराइन दिनार | १ को | ३५२.९० | ३५४.४९ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।

# ‘थाइराइड देखिँदैमा सन्तान जन्मिँदैन भन्ने भ्रममात्र’

**काठमाडौं–** पछिल्लो समय नसर्ने रोग थाइराइडको समस्या बढ्दै गएको छ। चिकित्सकहरूका अनुसार पुरुषको दाँजोमा महिलामा थाइराइडको समस्या बढी छ । थाइराइड फेडेरेसन इन्टरनेसलका अनुसार प्रत्येक आठ महिलामध्ये एकले आफ्नो जीवनकालमा थाइराइडको समस्या भोग्न सक्छन् ।

महिलामा थाइराइडको समस्या देखिए बच्चा बस्दैन भन्ने बुझाइ भ्रममात्र भएको चिकित्सक बताउँछन् । महिलामा थाइराइडको समस्या हुँदा महिनावरी गडबढी हुने, छाला सुक्खा हुँदै जाने, कपाल झर्ने, मुड परिवर्तन भइराख्ने, जाँगर नचल्ने र थकाइ बढी लाग्ने सम्भावना हुन्छ । हार्मोन, थाइराइड तथा मधुमेह रोग विशेषज्ञ डा. रूपक भारी भन्छन्, ‘थाइराइडको समस्या भएर बच्चा जन्मिँदैन भनेर महिलालाई विभेद गरिन्छ, त्यो सरासर गलत हो ।’

उनी भन्छन्, ‘थाइराइडको समस्या हुँदा सजिलै बच्चा नबस्ने, बच्चा बसे पनि खेर जाने अथवा कमजोर बच्चा जन्मिने हुन्छ। तर बच्चै नहुने भन्ने हुन्न ।’ कतिपय समस्या भोगेका महिलाले परिवार तथा सामाजबाट यातनासमेत पाउने गरेको उनी बताउँछन् । थाइराइडको समस्याले भन्दा पनि समाज र परिवारले दिने यातनाको तनावले बच्चा नजन्मिने खतरा हुने डा. भारीको भनाइ छ । ‘थाइराइडका कारण नहुने भन्ने हुन्न । हर्मोन सन्तुलन गर्ने उपचारपश्चात् महिलाले बच्चा जन्माउन सक्छन्,’ उनले भने । थाइराइड कुनै रोग होइन, यो घाँटीमा हुने ग्रन्थी भएको उल्लेख गर्दै डा. भारीले यसले हार्मोन उत्पादन गर्ने तथा त्यसमा गडबढी आएमा समस्या हुने बताए ।

नेसनल इन्स्टिच्युट अफ हेल्थ (एनआइएस)का अनुसार थाइराइड मुख्यतः दुई प्रकारका हुन्छन् । हाइपरथाइरोडिजम (हार्मोन बढी उत्पादन हुने) र हाइपोथाइरोडिजम (हार्मोन कम उत्पादन हुने)। हार्मोन उत्पादन कम भएमा एक्कासी तौल बढ्ने, मुटुको चाल कम हुने, रक्तचाप कम हुने, छाला सुक्खा हुने तथा कब्जियत हुनसक्छ । हार्मोन उत्पादन बढी भएमा शरीरको तौल घट्ने, मुटुको धड्कन तेज भएर जाने, रक्तचाप बढ्ने, आँखाको गेडी नै बाहिर निस्केलाजस्तो ठूलो भएर जाने, आत्तिने र पसिना चिटचिट हुने समस्या देखिन्छ ।

डा. भारीका अनुसार थाइराइडको समस्या जोकोहीलाई र जुनसुकै उमेरमा पनि देखिन सक्छ। उनी भन्छन्, ‘हार्मोन उत्पादन कम हुने समस्या बढी देखिने गरेको छ । कुनै पनि रोग वा समस्याको सही समयमा पहिचान भयो भने उपचार सम्भव छ । थाइराइडलाई ठूलो समस्या बनाइएको छ । तर उपचारपछि हार्मोन नियन्त्रणमा ल्याउन सकिन्छ, डराउनुपर्ने कारण छैन ।’ थाइराइडको समस्या थाहा पाउन वर्षमा एकपटक थाइराइड फङ्सन टेस्ट (टिएफटी) गर्न उनी सुझाउँछन् ।

‘थाइराइडमा खानेकुरा बार्नुपर्ने भन्ने छैन । स्वस्थकर खाना मजाले खान सकिन्छ। स्वस्थ जीवनशैली अपनाउन जरुरी छ । स्वस्थकर खाना, सकरात्मक सोच, शरीरको तौल नियन्त्रण, नियमित व्यायाम गर्न आवश्यक छ,’ डा. भारी भन्छन् ।

हरेक वर्ष मे २५ तारिखमा विश्व थाइराइड दिवस मनाइन्छ । यस वर्षको विश्व थाइराइड दिवसको नारा थाइराइडलाई नसर्ने रोगको रूपमा लैजाने भनिएको छ । थाइराइड ग्रन्थीको महत्त्व र थाइराइड रोग भएका व्यक्तिलाई सही निदान र उचित उपचार सुविधामा पहुँचका विषयमा छलफल तथा चेतना जगाउन यो दिवस मनाइन्छ । थाइराइड फेडरेसन इन्टरनेसलका अनुसार विश्वभर थाइराइडको जोखिममा एक अर्ब ६० करोड व्यक्ति रहेको अनुमान गरिएको छ । थाइराइड रोग पुरुषभन्दा महिलामा १० गुणा बढी देखिने गरेको बताइन्छ । *रासस*

# खानीखोलाका लेखापाल विकले चुमे सगरमाथाको शिखर



**काठमाडौं (प्रस)–** काभ्रेको खानीखोला गाउँपालिकाका लेखापाल बमबहादुर विकले विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरेका छन् । रुकुमपश्चिम स्थायी घर भएका लेखापाल विकले यही जेठ ६ गते बिहान सगरमाथाको चुचुरो (८८४८.८६ मिटर)मा पाइला टेकेका हुन् । उनले खानीखोला गाउँपालिका र रुकुम पश्चिमको सानोभेरी गाउँपालिकाका लोगो अंकित ब्यानरसमेत सगरमाथाको चुचुरोमा फहराएका छन् । लेखापाल विकले यो यात्रालाई ‘यात्रीको यात्रा’ नाम दिएका थिए ।

उनले यसअघि दक्षिण अमेरिकाको सर्वोच्च शिखर एकान्कागुवा र अफ्रिकाको अग्लो चुचुरो किलिमान्जारो, किलर माउन्टेनको रूपमा परिचित मनास्लु हिमाल र लोबुचे पिकको सफल आरोहण गरिसकेका छन् । उनले सगरमाथा आरोहणका लागि सहयोग र हौसला प्रदान गर्ने आफू कार्यरत गाउँपालिकाका अध्यक्ष इन्द्रबहादुर थिङ, उपाध्यक्ष दोर्जेमान जिम्बा, प्रमुख प्रशासकीय अधिकृतसहितका कर्मचारी, वडाध्यक्षलगायतप्रति आभार प्रकट गरेका छन् । ‘हामी पनि सक्छौं’ भन्ने मूल उद्देश्यसहित सामाजिक, आर्थिक, राजनीतिक तथा धार्मिकरूपमा पछाडि पारिएको समुदायको एक पात्रको रूपमा प्रतिनिधित्व गर्दै सगरमाथा आरोहण गरेको विकको भनाइ छ ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : United Gulf Company Limited

पूर्व स्वीकृति मिति: २०८१/०२/११ | LT. No. 305334 | चलानी न.६०२२००३२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 1 | 0 | 1200 | ४२,५०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २० गते (2nd June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले । सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sulav Recruitment Pvt.Ltd.**

Govt. License No. 1336/074/075

Maharajgunj, sankhapark, Kathmandu Nepal,
Telephone : +977 1 5903011/5903012
Email : sulavrecruitment@gmail.com, Website: www.sulavhr.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HOUSE OF LUSTER GENERAL TRADING COMPANY

पूर्व स्वीकृति मिति: २०८१/०२/११ | LT No. 305407 | चलानी नं ६०२२००३९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Labour | 6 | 0 | 100 | ४३,३५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २१ गते (2nd June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले । सेवा शुल्क: १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Dubai Overseas International Pvt. Ltd.**

श्रम ईजाजत नं. ७५१/०६४/०६५

Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Fax No: +977-4383351, Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MUGHAL MAHAL GENERAL TRADING & CONTRACTING CO. W.L.L.

पूर्व स्वीकृति मिति : २०८१/०२/१२ | LT. No. 305296 | चलानी नं. ६०२२००००

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | COOK / ASSISTANT CHEF | 10 | 0 | 155 | ६७१४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Driver | 2 | 0 | 135 | ५८४८२ | | | | | | | |
| 3 | Helpers (Construction) | 10 | 0 | 105 | ४५४८६ | | | | | | | |
| 4 | Hostess | 0 | 8 | 135 | ५८४८२ | | | | | | | |
| 5 | KITCHEN TOOL CLEANER | 10 | 0 | 105 | ४५४८६ | | | | | | | |
| 6 | WAITER/HOTEL SERVICE | 10 | 0 | 130 | ५६३१६ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २० गते (2st June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले । सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Nexus Human Resource Pvt. Ltd.**

Govt. License 1463/074/075

Basundhara-3, Kathmandu, Nepal, Tel.- +977-1-4016787
Mbl N. 9843103248, 9841093498, 9840747493

## साउदी/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DUBAI OASIS COMPANY

पुर्व स्वीकृति मिति २०८१/०२/०९ | LT. No. 305143 | चलानी नं. ६०२१९८८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 5 | 0 | 1500 | ५३,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १८ गते (31st May 2024) मा हुनेछ ।

कम्पनी : PLATINUM HANDS PACKING & REPACKING SERVICES

पुर्व स्वीकृति मिति २०८०/१२/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०६ | LT. No. 303173 | चलानी नं. ६०२१७९९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Cleaners | 20 | 20 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Packer | 60 | 0 | 800 | २९,००० | | | | | | | |

कम्पनी : M E S SECURITY SERVICES L.L.C.-BRANCH OF ABU DHABI 1

पुर्व स्वीकृति मिति २०७९/०३/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०६ | LT. No. 266794 | चलानी नं. ६०१८२७४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 75 | 0 | 2000 | ७२,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MAWARID SERVICES COMPANY LLC

पुर्व स्वीकृति मिति २०८०/०८/२४ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०६ | LT. No. 296251 | चलानी नं. ६०२११२७०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Forestry Worker | 143 | 0 | 800 | २९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ALABAAD ALKHAMSAH SECURITY SERVICES

पुर्व स्वीकृति मिति २०८०/०४/२५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/०६ | LT. No. 290613 | चलानी नं. ६०२१३३२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 49 | 17 | 1200 | ४३,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ १४ गते (27th May 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले । सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Future Star Manpower Pvt. Ltd.**

श्रम इजाजत नं. ३९७/०६०/०६१

Samakhushi, Townplaning, Kathmandu, Nepal,
(Kathmandu) Phone : +977-1-4960576, 4950719, 9810101810, 9813916322
Contact for Branch Office Jhapa (Birtamode) :- 023-533784 ,981-7914275 , 9803498035
Contact for Branch Office Kaski (Pokhara) :- 061591417 / 061501418, 9819100814, 9824194594
E-mail : futurestarmp397@gmail.com, Website : www.futurestarmanpower.com

## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरू लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति : २०८१/०२/१३)

यस बैंक (साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)का तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणीले ऋण कर्जा तिर्नेतर्फ पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । लिलाम हुने दिनसम्म उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउन सकिने व्यहोरा सम्बन्धित ऋणी तथा जमानीकर्ताहरु समेतलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी लगायत सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वितीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, २०७५ बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वितीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पति लिलाम बिक्री नभएमा सो सम्पति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पतिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति** २०८१/०२/२०

**बोलपत्र खोलिने मिति** २०८१/०२/२१ दिउँसो ३ बजे

**तपसिल**

| क्र.सं. | कर्जा शिर्षक | ऋणीको नाम, थर, वतन तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पतिहरुको विवरण |
|---|---|---|---|
| १. | विविध कर्जा | **ऋणी : मुक्तिनाथ ड्रिलिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि.**<br>दर्ता नं. : १७९६९१/०७४/०७५<br>ठेगाना : बुटवल उ.म.न.पा. १२, रुपन्देही<br>**व्यक्तिगत जमानीकर्ताहरू:**<br>**१. राम कृष्ण भुजेल**<br>(ना.प्र.नं. ९४/६९२, मिति २०४४/१०/१० मा जि.प्र.का. दोलखाबाट जारी भएको)<br>बाबु : कृष्ण बहादुर भुजेल<br>बाजे : रामसिंह भुजेल<br>**२. इन्द्र कुमारी थापा**<br>(ना.प्र.नं. ३/३५१, मिति २०५०/४/२९ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको)<br>पति : राम कृष्ण भुजेल<br>ससुरा : कृष्ण बहादुर भुजेल<br>**३. अजित भुजेल**<br>(ना.प्र.नं. २२-०१-७१-०५३६६, मिति २०७१/०९/०४ मा जि.प्र.का. दोलखाबाट जारी भएको)<br>बाबु : राम कृष्ण भुजेल<br>बाजे : कृष्ण बहादुर भुजेल | राम कृष्ण भुजेलको नाममा रुपन्देही जिल्ला मालपोत कार्यालय रुपन्देहीमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, सेलमार गा.वि.स./न.पा. वडा नं. ०२ (च) स्थित कि.नं. २८६९ (०-०-१५.५० विगाहा) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>**नोट** :<br>बोलपत्र खोलिने स्थान : शाखा कार्यालय बुटवल, रुपन्देही |
| २. | विविध कर्जा | **ऋणी : राप्ती पोल्ट्री प्रा.ली.**<br>दर्ता नं. : १०३५३९/०५२/०५३<br>ठेगाना : सिमलटाडी ०२, खैरहनी चितवन<br>**व्यक्तिगत जमानीकर्ताहरू :**<br>**१. चुडामणी डल्लाकोटी**<br>(ना.प्र.नं. १८५२, मिति २०३६/०७/२३ मा जि.प्र.का. चितवनबाट जारी भएको)<br>बाबु : गंगाधर डल्लाकोटी<br>बाजे : शिव शंकर डल्लाकोटी<br>**२. सिताराम डल्लाकोटी**<br>(ना.प्र.नं. ३५८२८/०४४, मिति २०५७/०७/१५ मा जि.प्र.का. चितवनबाट जारी भएको)<br>बाबु : चुडामणी डल्लाकोटी<br>बाजे : गंगाधर डल्लाकोटी<br>**३. रिता डल्लाकोटी**<br>(ना.प्र.नं. ८४१४/०६३ मिति २०६३/०२/१० मा जि.प्र.का. चितवनबाट जारी भएको)<br>पति : सिताराम डल्लाकोटी<br>ससुरा : चुडामणी डल्लाकोटी<br>**४. नरमाया डल्लाकोटी**<br>(ना.प्र.नं. ३५ ११९०, मिति २०४५/०२/१७ मा जि.प्र.का. चितवनबाट जारी भएको)<br>पति : चुडामणी डल्लाकोटी<br>ससुरा : गंगाधर डल्लाकोटी | १. चुडामणी डल्लाकोटीको नाममा चितवन जिल्ला मालपोत कार्यालय खैरहनी, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, खैरहनी गा.वि.स./न.पा. वडा नं. ०३ (क) स्थित कि.नं. ३० (०-१०-१८-० विगाहा) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>२. राप्ती पोल्ट्री प्रा.ली.को नाममा चितवन जिल्ला मालपोत कार्यालय खैरहनी, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, खैरहनी गा.वि.स./न.पा. वडा नं. ०३ (क) स्थित कि.नं. २४ (०-७-१२-० विगाहा), कि.नं. १२२७ (०-०-१८.७५-० विगाहा) र कि.नं. ३१ (०-१०-१०-० विगाहा) क्षेत्रफल भएका घर/जग्गाहरु तथा उक्त घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>**नोट** :<br>१. माथि उल्लेखित धितो बाहेक यस बैंकको नाममा दर्ता कायम रहेको RENAULT, सवारी दर्ता नं. बा १८ च ७५३६ भएको सवारी साधन बैंकको कब्जामा नरहेको हुनाले उक्त सवारी साधनको लिलामी ननिकालिएको ।<br>२. बोलपत्र खोलिने स्थान : शाखा कार्यालय टाडी, चितवन |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा वढी हुने प्रक्रियामा समेत धितो धनीलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैंले सकार गरि लिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैंले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np, वेबसाइट: www.nimb.com.np

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PROTOCOLO CO FOR DELIVERY OF CONSUMER ORDERS

पूर्व स्वीकृति मिति २०८१/०२/११ | LT. No. 305240 | चलानी नं. ६०२२००३७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 9 | 0 | 135 | ५८,५२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | CASHIER | 1 | 1 | 150 | ६५,०६१ | | | | | | | |
| 3 | cleaner | 1 | 1 | 100 | ४३,३५४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २० गते (2nd June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्होर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्होर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्होर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्होर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले । सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Supreme Overseas Pvt. Ltd.**

श्रम ईजाजत नं. ३०१/०५९/०६०

Koteshwor-32, Kathmandu, Nepal. Phone: +977-1-4610716
Mobile: 9813327241, 9741877355, 9841359033, 9851107202, 9841359033
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### नाकाबासीलाई राहत

छिमेकी मुलुकसँग नाका जोडिएको क्षेत्रमा बसोबास गर्ने स्थानीयबासीले अनेक समस्या भोग्नुपर्छ । अझ सीमानाका बन्द हुँदा उनीहरू बढी प्रभावित हुने गरेका छन् । यस्तै पीडा भोगिरहेका चीनसँगको सीमा जोडिएका एक दर्जनभन्दा बढी नाका आसपासका बासिन्दाले राहतको सास फेर्न पाएका छन् । कोरोना संक्रमण फैलिने डरले चीन सरकारले २०७६ माघ ५ गतेदेखि बन्द गरेका १४ नाका शनिबारदेखि पुनः सञ्चालन गरिएसँगै नाकाबासीलाई राहत मिलेको हो । शनिबार एक समारोहबीच नेपाल–चीन जोडिएका ती नाका पुनः सञ्चालनको घोषणा गरिएको हो, जसमा संखुवासभाको किमाथांकासहितका नाका रहेका छन् ।

उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ र चीनको स्वशासित क्षेत्र तिब्बतका उपाध्यक्ष सिलाम निमाले चीनको छेन्ताङमा शनिबार आयोजित एक समारोहबीच किमाथांकासहित नेपाल–चीन सीमामा रहेका १४ वटै नाका पुनः सञ्चालनमा आएको संयुक्तरूपमा घोषणा गरेका हुन् । किमाथांका नाका खुलेपछि भोटखोलावासी उत्साहित भएका छन् । विगतमा यहाँका बासिन्दाले चिनियाँ बजारबाट खाद्यान्न आयात गर्दै आएका थिए । तर नाका बन्द भएपछि उनीहरूलाई समस्या भएको थियो । भोटखोलावासीलाई तिब्बत प्रवेश गर्न स्थानीयस्तरमा अनुमतिपत्र वितरण गरिएको छ । किमाथांका नाका सदरमुकामदेखि १६२ किलोमिटर टाढा पर्छ ।

रसुवागढी–केरुङ, तातोपानी–झाङ्मु, यारी–पुरान तथा नेचुङ–लिची (कोरला) व्यापारिक नाका यसअघि नै सञ्चालनमा आइसकेका छन् । ताप्लेजुङको टिप्तला नाका पनि शुक्रबारदेखि पुनः सञ्चालनमा आएको छ । उत्तरी क्षेत्रमा रहेका सम्पूर्ण व्यापारिक नाका खुलेसँगै सीमा क्षेत्रमा राज्यको उपस्थिति हुने छ । भन्सार राजस्वमा वृद्धि हुने छ । स्थानीय उत्पादनको बिक्री तथा रोजगार सिर्जना हुने छ ।

सीमानाका खुलेसँगै उच्च हिमाली क्षेत्रका जनताको जीवनस्तरमा ठूलो परिवर्तन ल्याउने छ । कारण नेपालको बजारभन्दा चीनको बजारबाट उनीहरूले लाभ लिँदै आएको विगत ताजै छ । सीमावर्ती क्षेत्रका नागरिकले उत्पादन गरेका चौरीको दूध, घिउ, भेडाको ऊन र जडीबुटीलगायत चिनियाँ बजारमा बिक्री गर्ने तथा चौरी तथा भेडा चरनका लागि चिनियाँ भूभागमा लाँदै आएका थिए । नेपालमा चौँरी तथा भेडाका लागि खर्कको अभाव छ । चीनको तिब्बत क्षेत्रमा रहेका खर्कमा उत्तरी सीमावर्ती क्षेत्रका स्थानीयले चौँरी तथा भेडा चराउने गरेका थिए । सीमानाका बन्द भएपछि यसबाटा वञ्चित हुँदै आएकामा अब भने पुनः यी गतिविधि अगाडि बढ्ने भएको छ । दुई देशका जनताबीच सम्बन्ध बिस्तार र व्यापार प्रवर्द्धनमा यसले महत्त्वपूर्ण भूमिका खेल्ने निश्चित छ ।

## मनन्योग्य

### चाणक्य नीति

राजाले चाणक्यलाई व्यङ्ग्य गरेको देखी सबै दरबारियाले पनि व्यग्य गर्न थाले । सुनिएको थियो- 'ब्राह्मणका रिस डरलाग्दो हुन्छ तर आज साक्षात् देख्ने मौका पायौं' चाणक्यको रिस सीमाबाहिर भयो। उनको शरीर रिसरूपी आगोले काम्न थाल्यो । कमण्डलुबाट जल लिएर हातमा राख्तै टुक्रिएर भने' राजा नन्द ।राजा तन्द । तिमीलाई यो पनि थाहा छैन, मगध एउटा दन्दनाएको ज्वालामुखी भइरहेछ । कहिले ज्वालामुखी फुट्छ । जुन राजाका हात युद्धमा शत्रुको शिर काट्नमा प्रयोग हुन्छ त्यही हात नर्तकी, वेश्या, कामिनीका साथ मोजमस्तीमा लागिरहन्छन् । हेर नन्द । राजाको शरीर प्रजामा अर्पण हुन्छ, तर म देख्दैछु राजा सुरा सुन्दरीमा समर्पित छ । जुन राजालाई बाहिरी देशको ज्ञान छैन त्यो ज्ञान चाकडी र चाप्लुसीवादले निकम्मा बनाएको छ । त्यस्ता राजाले आफ्नो राज्यमा के भएको चाल पाउदैन ।

छिमेकी राज्यसहित विदेशीको गिद्धेदृष्टि मगधमा छ, तर राजालाई भोगविलासले त्यो जान्ने फुर्सद कहाँ छ ? सभामा बसेका सबैले थी ब्राह्मणलाई आश्चर्यचकित भई हेरिरहे । यस्तो कुरा राजा, नन्द र महामात्य राक्षसका सामुमा अगाडि भन्न सक्ने दुःसाहस सपनामा पनि उनीहरू गर्न सक्दैनथे ।

नन्दका कान सन्दरीका मीठो स्वर दरवारिया चापलुसी चाटुकारिता सुन्नमा व्यस्त हुन्थे, तर चाणक्यका सिसाजस्तो गड्ने कुरा सुनी रिसले तमतमाउँदै पूरै कडकर राजा नन्दले भने- 'यो मूर्ख बाह्मणलाई यहाँ कसले ल्यायो ? यसको यो दरबारमा प्रवेश गर्ने साहस कसरी भयो ?'

कुरा यसरी बिग्रिएको देखी अमात्य शकटार खडा धभई भन्न लागे 'महाराज , क्षमा चाहन्छु, मैले त तक्षशिलाका मार्तण्ड विद्वान् व्यक्तित्वलाई दरबारमा ल्याएको हूँ, यी विष्णगप्त हुन् । जसका बुद्धिको चर्चा देश-विदेशमा टाढा-टाढासम्म छ । जसको अर्थशास्त्र विश्वप्रसिद्ध छ र अन्य विषयमा पनि त्यस्तै राजनीतिक प्रकाण्ड विद्वान् । राजा नन्दले चाणक्यपछि फर्केर उपहास गर्दै भने यो शक्तिहीनजस्तो कुरूप व्यक्ति पनि प्रकाण्ड विद्वान मार्तण्ड विद्वान किन ?

# राष्ट्रिय राजनीतिमा कांग्रेसको जिम्मेवारी



■ धर्मनन्द श्रेष्ठ

"राजनीतिक अस्थिरताका कारणले जनताको विकास, समृद्धि, सुशासनको चाहना पूरा गर्न नसक्दा हालको व्यवस्था, राजनीतिक दल, नेताप्रति जनआकर्षण घट्दै गइरहेको छ । आम जनतामा राजनीतिप्रति निराशा पैदा भएको हुनाले सरकार र प्रमुख राजनीतिक दलहरु पद र शक्तिका लागिमात्र हाबी भइरहेको अवस्थाले आम नेपाली जनता आजित छन् । त्यसैले सबै पार्टीहरु मिलेर आर्थिक विकासमा लाग्नुपर्ने आजको आवश्यकता हो ।

देशको राजनीतिक अवस्था अस्थिर र तरल रहेकाले जनताले अपेक्षा गरेअनुसार विकास सुशासन, भ्रष्टाचारमुक्त समाजको अनुभूति गर्न सकिएको छैन । देशमा राजनीतिक समझदारी कायम गरी विकास निर्माण, आर्थिक सुधार गर्नुपर्नेमा हुन सकेको छैन । मुलुकलाई विकसित बनाउने लक्ष्य, योजना सरकार र राजनीतिक दलहरूको हुनुपर्थ्यो तर राजनीतिक दलहरू सरकारमा जानमात्र लागिपरेको देखिएका छन् । जसले जनताको अपेक्षाअनुसार सुशासन, विकास र समृद्धिको चाहना पूरा हुन सकेको छैन ।

नेपाली कांग्रेस देशकै ऐतिहासिक पार्टी भएको हुनाले देश र जनताका लागि यो पार्टी थप जिम्मेवार हुन जरुरी छ । कांग्रेसले राणा शासन, पञ्चायती व्यवस्थाको विरुद्धमा आन्दोलन गरी लोकतन्त्र स्थापना गर्नका लागि प्रमुख दलको हैसियतले नेतृत्व गरेको थियो । त्यस्तै २०४७ सालको संविधान निर्माण गर्न र २०६२/६३ सालको जनआन्दोलनको नेतृत्व गरी नेपाली जनताको चाहनाअनुसारको व्यवस्था ल्याउन कांग्रेसले नै प्रमुख भूमिका खेलेको थियो । र, लोकतान्त्रिक संविधान ल्याउन पनि कांग्रेसकै भूमिका रहेको थियो ।

मुलुक अप्ठचारो अवस्थामा पर्दा नेतृत्व गरी संघ, प्रदेश र स्थानीय तहको निर्वाचन गर्ने प्रमुख भूमिका पनि नेपाली कांग्रेसकै नेतृत्वमा सम्भव भएको हो । देशमा व्याप्त रहेको राजनीतिक द्वन्द्व, माओवादीको जनविद्रोहबाट देशमा ठूलो रूपमा अशान्ति सिर्जना भएको बेला पनि देशमा शान्ति स्थापना गर्न पनि कांग्रेसकै प्रमुख नेतृत्व रहेको थियो । र, आजसम्म आइपुग्दा देश र जनताले कांग्रेसकै नेतृत्व खोजिरहेको हुनाले देशको विकास र सुशासन, जनताको आर्थिक उन्नति गर्न, राजनीतिक स्थायित्वका लागि पनि कांग्रेसले नेतृत्व गर्नुपर्ने अवस्था र आवश्यकता छ । देशमा विकास र समृद्धिको जनचाहना पूरा हुन नसकेको प्रमुख कारणमध्ये भ्रष्टाचार भएको हुनाले २०४६ सालपछिको राजनीतिक नेतृत्व गरी सार्वजनिक पद धारण गरेका कर्मचारीदेखि राजनीतिज्ञकोसमेत सम्पत्ति छानबिन गरी स्रोत नखुलेको सम्पत्ति जफत गरी विकास निर्माणमा लगाउनुपर्छ ।

देशमा भएका भ्रष्टाचारकै कारणले गर्दा ठूला आयोजनाहरू, राष्ट्रिय स्तरका योजना र कुनै पनि विकास निर्माण समयमा सम्पन्न हुन नसकेको हो । देशमा भ्रष्टाचार मौलाएकै कारणले आर्थिक, सामाजिक विकास तथा सुशासन कायम गर्न सकिएको छैन । यसलाई सम्बोधन गर्न नेपाली कांग्रेसले नेतृत्वदायी भूमिका निर्माण गरी आम नेपाली जनतालाई महसुस हुनेगरी कानुन, नीति निर्माण गरी आम युवा तथा जनतामा भरोसा हुनेगरी कार्य गर्नु पर्दछ । अख्तियार दुरूपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धीकरण विभागजस्ता निकायलाई सफल सक्षम बनाउनुपर्दछ । भ्रष्टाचार हरेक निकायमा सेटिङको प्रक्रियाबाट हुने भएको हुनाले भ्रष्टाचार हुने क्रियाकलाप पहिला बन्द गर्नुपर्दछ । लोकसेवामा प्रवेश गरी मालपोतको अधिकृत हुने, भन्सारको अधिकृत हुने र राजस्वमासमेत संलग्न भई भ्रष्टाचारमा संलग्न रहेको व्यक्ति पनि पछि अख्तियार र सम्पत्ति शुद्धीकरणमा आउन मिल्ने नियम कानुनको कारण भ्रष्टाचार नियन्त्रण हुन सकेको छैन । त्यसैले नेपाली कांग्रेसले नै यस्ता बाध्यकारी कानुन संशोधन गर्न प्रमुख भूमिका निर्वाह गर्न जरुरी छ ।

देशभरि फैलिरहेको महँगीलाई नियन्त्रण गर्न औद्योगिक कानुन, ऐन, नियम व्यवस्थित गरिनुपर्छ । र, आम युवाहरूलाई स्वदेशमै रोजगारीको अवसर सिर्जना गर्नुपर्छ । उद्योग व्यवसाय र उत्पादनमा युवाहरूलाई जोड्नुपर्छ । देशमा उत्पादन कम हुँदै गएकोले महँगी बढ्दै गएको हो । खेतीपातीमा काम गर्ने युवाहरू विदेशिएपछि उत्पादनमा कमी आउनु स्वाभाविक हो । र, विदेशबाट सरसामान ल्याउन परेपछि महँगी बढ्दै जानु स्वाभाविक नै हो ।

यसै मेसोमा भन्नुपर्दा नेपाली कांग्रेस संसदीय व्यवस्था र लोकतन्त्रको पहिलो पहरेदार हो । अहिले पनि देशको प्रमुख पार्टी पनि कांग्रेस नै रहेको छ । र, सोही बमोजिम देशको आर्थिक अवस्था सुधार गर्न र भ्रष्टाचार नियन्त्रण गर्न, जनताले चाहेको सुशासन, आर्थिक उन्नतिमा कांग्रेसले नै विश्वासयोग्य वातावरण सिर्जना गर्नुपर्छ ।

त्यसका लागि कांग्रेसले पूर्वतयारी गर्नु आवश्यक छ । पार्टीका भ्रातृ संगठनहरूलाई नियमितरूपमा सक्रिय गरी आमनागरिक र समाजमा कांग्रेसप्रतिको विश्वास र भरोसा कायम गर्ने वातावरण निर्माण गर्नुपर्छ । यो पृष्ठभूमिमा र कांग्रेसले गरेको जनपक्षीय कार्यले आगामी निर्वाचनमा कांग्रेसको सानदार रूपमा बहुमत आउने अवस्था छ ।

नेपालमा नेपाली कांग्रेस प्रजातान्त्रिक र विधिअनुसार वडा समितिदेखि केन्द्रीय स्तरसम्म नेतृत्व गर्ने परम्परा रहिआएको छ । र केन्द्रदेखि तल्लो तहका निकायसम्म कार्यकारिणी पद दुई पल्टको मात्र हुने व्यवस्थाले युवाहरूसमेत नेतृत्वदायी भूमिकामा पुग्ने अवस्थाको सिर्जना भएको छ । देशमा आर्थिक, सामाजिक विकासका लागि सरकारको नेतृत्व युवाहरूबाट समेत हुने अवस्थाको सिर्जना गर्न राजनीतिक पदहरू राष्ट्रपति एक व्यक्ति एक पटक मात्र हुनुपर्ने, प्रधानमन्त्री पनि एक व्यक्ति एक पटक मात्र हुने र पूरै कार्यकाल प्रधानमन्त्रीको कार्यभार सञ्चालन गरेको व्यक्तिले मात्र पुनः एक पटक प्रधानमन्त्री बन्न पाउने कानुन निर्माण गरी दुई पटकभन्दा बढी प्रधानमन्त्री हुन नपाउने व्यवस्था हुनुपर्छ । यस्तै स्थानीय तहको प्रमुख, प्रदेशसभा प्रमुखदेखि प्रतिनिधिसभामासमेत एक व्यक्ति दुई पटकभन्दा बढी एउटै पदमा बस्न नपाउने व्यवस्था हुनुपर्छ ।

यतिबेला नेपालमा देखिएको सहकारी समस्या समाधान गर्नु सरकारको प्रमुख दायित्वभित्र रहनुपर्छ । लाखौं जनताको बचत सुरक्षित हुनुपर्छ । जुन सहकारी समस्या देखिएका छन्, ती सहकारीहरूको बचतकर्ता ऋणी, सञ्चालक समिति, विभिन्न उपसमितिहरू समेत सहकारीकै सदस्य रहने हुनाले सहकारीलाई समस्याबाट मुक्त गर्न नसकिएको देखिन्छ । त्यसैले उपयुक्त नियम कानुन परिपालन गराई सहकारीका विकृति विसंगति हटाई देशको आर्थिक अवस्था सुधार गर्नका लागि तीन खम्बे अर्थनीति अवलम्बन गरी किसान, श्रमिक र उद्योगीको हितका लागि सहकारीको पुँजी परिचालन गरी देशको आर्थिक व्यवस्था सुधार्नसमेत सहकारीमार्फत काम गर्न सकिन्छ । कुनै पनि देशमा चर्को ब्याज लिने-दिने क्रियाकलापले आर्थिक उन्नति र उत्पादन बढ्न सक्दैन । बचतकर्तालाई १० देखि २४ प्रतिशतसम्म बचतमा ब्याज दिई सञ्चालन गरेकालाई अवैध घोषणा गर्नुपर्छ । बचतमा अधिकतम आठ प्रतिशतमात्र ब्याज दिनुपर्ने, ऋण लगानीमा अधिकतम १० प्रतिशतमात्र लिने व्यवस्था गरी नेपालमै सहकारीमार्फत सामूहिक कृषि, पर्यटन र उद्योगमा लगानी गरी रोजगारी र सुदृढ आर्थिक अवस्थाको सिर्जना गर्नुपर्दछ ।

मुलुकमा जारी राजनीतिक अस्थिरताका कारणले जनताको विकास, समृद्धि, सुशासनको चाहना पूरा गर्न नसक्दा हालको व्यवस्था, राजनीतिक दल, नेताप्रति जनआकर्षण घट्दै गइरहेको छ । आम जनतामा राजनीतिप्रति निराशा पैदा भएको हुनाले सरकार र प्रमुख राजनीतिक दलहरू पद र शक्तिका लागिमात्र हाबी भइरहेको अवस्थाले आम नेपाली जनता आजित छन् । त्यसैले सबै पार्टीहरू मिलेर आर्थिक विकासमा लाग्नुपर्ने आजको आवश्यकता हो । राजनीतिक द्वन्द्व न्यूनीकरण गर्न पनि प्रमुख दलहरू नै संगठित हुनुपर्ने अवस्था छ । मुलुकको यो अवस्थामा राजनीतिक निकास दिने भूमिका नेपाली कांग्रेसले मात्र खेल्न सक्छ । वर्तमान राजनीतिक संकटलाई निकास दिने जिम्मेवारी कांग्रेसले लिनुपर्छ । पार्टी नेतृत्व सोही योजनाका साथ अगाडि बढ्न जरुरी छ ।

*(लेखक नेपाली कांग्रेस काठमाडौं क्षेत्र नं. १० 'ख' का सभापति हुन्*

# माओवादी अध्यक्ष प्रचण्डलाई खुलापत्र



■ फणीन्द्र फुयाल 'ज्वाला'

आदरणीय देशको अभिभावक प्रधानमन्त्री एवं नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यू, अभिवादन । तपाईंलाई सञ्चै होला भन्ने आशा र कामना व्यक्त गर्दछु । तर मलाई भने सञ्चो छैन । लेख्नुपर्ने र सुनाउनुपर्ने कुराहरू मनमा धेरै मडारिएका छन् । खै, कहाँबाट सुरु गरौं भन्ने अलमलमा पर्दै छु । पछिल्लो समय सिर्जित घटनाक्रमबाटै यथार्थ विवरणहरू व्यक्त गर्न चाहन्छु ।

दुई वर्षअघि तपाईंकै प्रमुख आतिथ्यतामा चितवनको भरतपुरमा माओवादी केन्द्रको भ्रातृ संस्था प्रेस सेन्टरको केन्द्रीय अधिवेशन सम्पन्न भएको थियो । त्यसबाट 'इलेक्सन' नभई 'सेलेक्सन' विधिबाट तपाईंकै चाहनाबमोजिम विष्णु सापकोटा 'जुगल' केन्द्रीय अध्यक्षमा चयन हुनुभयो । त्यहाँबाट काठमाडौं फर्किएपछिको केही हप्तापछि प्रेस सेन्टरले पदाधिकारी टुंग्यायो । संगठनको कुनै पनि पदमा नरहेका केही व्यक्तिहरू खुमलटार धाएर तपाईंकै आशीर्वादमा पुनः पदाधिकारी बने । विशेषतः निर्मल ज्ञवाली संगठनका अन्य उपाध्यक्षहरूमध्ये एक हुन् । जो तपाईंकै जोडबलमा उपाध्यक्ष बनेको चर्चा बजारमा अहिले पनि उत्तिकै ताजा नै छ । संगठनका केन्द्रीय अध्यक्ष जुगल र केन्द्रीय उपाध्यक्ष निर्मल ज्ञवाली म विगत छ वर्षदेखि सम्पादक रहँदै आएको झिल्को डटकम सञ्चालन गर्ने भन्दै लगानीकर्ताका रूपमा गत वर्षदेखि भित्रिए । हाल झिल्को डटकमको अध्यक्षमा निर्मल छन् भने सल्लाहकारमा विष्णु जुगल । सम्पादकमा म स्वयं छु ।

उनीहरू लगानीकर्ताको रूपमा भित्रिँदा हामी झिल्कोमा मासिक पारिश्रमिक लिने श्रमजीवी कर्मचारीहरू जम्मा तीन-चार जनामात्र थियौं । उनीहरू लगानीकर्ताका रूपमा आउने भएपछि हामी श्रमजीवीहरू निकै हर्षित भयौं । सोचेका थियौं, संगठनका केन्द्रीय अध्यक्ष र उपाध्यक्ष नै आउने भएपछि त हाम्रो मासिक पारिश्रमिकमा पनि वृद्धि हुन्छ होला । अनलाइनमा विज्ञापन प्रशस्त आउँछ होला । तर उनीहरू झिल्कोमा भित्रिएको दुई महिनादेखि काम गर्ने वातावरणमा धुमिल पार्ने, मासिक पारिश्रमिक दिन ढिलाइ गर्ने र हाल आएर काम गर्ने वातावरणमा नै अवरोध सिर्जना गरिरहेका छन् । काम गर्ने वातारवरण नहुँदा उतिबेलै एक जना श्रमजीवी साथीले रोगजारीबाट हात धुनुपर्ने अवस्था आयो । मैले गत पुस महिनादेखि पारिश्रमिक पाएको छैन । पारिश्रमिक नपाएको छ महिना भइसकेको छ । अहिले उनीहरूले झिल्को डटकम हुँडलेर बेवारिसे बनाएका छन् । बन्द पनि गर्दैनन्, राम्रोसँग चलाउन पनि सक्दैनन्, श्रमजीवीलाई पारिश्रमिक दिने त कुरै छैन ।

श्रमजीवीलाई भोकभोकै मर्न बाध्य बनाएर निर्मल ज्ञवाली र विष्णु सापकोटा प्रेस संगठनको काममा व्यस्त हुँदा झिल्को अलपत्र बनेको छ । झिल्को आधिकारिक रूपमा बन्द गर्ने निर्णय पनि उनीहरू गर्न सक्दैनन्, किनभने उनीहरूले प्रेस सेन्टरको नाम भजाएर झिल्कोको नाममा रकम असुली गरिरहेको छ भन्ने कुरा प्रेस सेन्टरकै केही नेताहरूले भन्दै हिँड्ने गरेका छन् । झिल्को डटकमलाई माओवादी केन्द्रको आधिकारिक मुखपत्र हो भन्दै धम्क्याएर, फकाएर र प्रभाव र प्रलोभनमा पारेर विज्ञापनभन्दा पनि रकम असुली भइरहेको कुरा प्रेस सेन्टरकै जिम्मेवार साथीहरूबाट सुन्नुपर्दा निकै लज्जाबोध हुन्छ ।

**अध्यक्ष प्रचण्डज्यू,**

तपाईंको पार्टीले केही महिनाअघि 'माओवादी रूपान्तरण अभियान' सञ्चालन गऱ्यो । के यो रूपान्तरण जनताका लागि थियो कि नेताका लागि ? रूपान्तरण अभियानले निकालेको निश्कर्ष नेताहरू रूपान्तरण हुनुपर्छ, नेताहरू बिग्रिए, नेताहरू भ्रष्ट भए, नेताहरू दलाल भए, नेताहरू चुनाव जितेर सहर छिरेपछि उतै कमाउधन्दामा लागे भन्ने होइन र ? मैले चिनेको, जानेको र भोगेको प्रेस सेन्टरका नेताको त यस्तो चालामाला छ भने अन्य भ्रातृ संगठनका नेताहरूको चालामाला र धन्दा के होला ? के यो कुरा सहजै अनुमान लगाउन सकिँदैन ? माओवादी पार्टी हरेक चुनावपछि ओरालो लाग्दै जानु र आज प्रत्यक्षमा १८ सिट मात्र जित्नु के यहाँभित्र मौलाउँदै गाएको यी नै ठेकेदारी, दादागिरी, अरुलाई दासझैं सम्झिनु, आफू नसच्चिनु र अरुमाथि मात्र दोषारोपण गर्नु हैन र ?

**पार्टी अध्यक्षज्यू,**

केही हप्ताअघि संघीय सरकार सञ्चार, सूचना तथा प्रविधि मन्त्रालयअन्तर्गत न्यूनतम पारिश्रमिक निर्धारण समितिको अध्यक्ष पदका लागि आवेदन माग गरिएको थियो । तर, सो पदमा पुनः निवर्तमान अध्यक्षलाई पुनर्वहाली गरियो । किनभने उनी 'जनयुद्ध' लडेको व्यक्ति हो रे ! मन्त्रालयका सचिवको संयोजकत्वमा गठित तीन सदस्यीय छनोट समितिले व्यावसायिक कार्ययोजना, अन्तर्वार्ता र प्रस्तुतिका आधारमा भन्दै उही व्यक्तिलाई छनोट गऱ्यो । झट्ट हेर्दा प्रक्रिया त पुग्यो तर तपाईंले हरेक कार्यक्रमका सम्बोधनमा दिने मन्तव्य सुशासन र पारदर्शिता त्यहाँ ह्वांगै-छ्यांगै भएर लाजमर्दो स्थिति देखियो । कुरा के भयो भने, न्यूनतम पारिश्रमिक निर्धारण समितिमा पाँच जनाको आवेदन परेको थियो, त्यसमा पनि प्रेस सेन्टरका अध्यक्ष जुगल, उपाध्यक्ष निर्मललगायतले नै मन्त्रीलाई एक अमुक व्यक्तिको नाम लिएर उनले जनयुद्ध लडेको हो, उनी नै अध्यक्षमा छनोट हुनुपर्छ भन्दै दबाब सिर्जना गरे । अन्ततः उनीहरूको अगाडि विभागीय मन्त्रीको पनि केही लागेन, भयो त्यही ।

माओवादी शान्ति प्रक्रियामा आएको झण्डै २० वर्ष हुन लाग्यो । राज्यका हरेक अंगहरूमा नियुक्ति गर्दा उही जनयुद्धमा लागेको एउटै व्यक्तिलेमात्र पटक-पटक अवसर पाउने हो भने अन्य नागरिक तथा व्यक्ति माओवादी पार्टीमा किन जोडिने ? यो माओवादीभित्र झाँगिएको गलत प्रवृत्ति हो । यो तत्काल निस्तेज पार्नुपर्छ । कोही व्यक्ति जनयुद्ध हुँदा नाबालक थियो, जन्मिएकै थिएन भने ऊ जनयुद्धमा सामेल हुन नसक्नुमा उसको के दोष ? ऊ जान्ने, बुझ्ने भएपछि के गऱ्यो भन्ने योगदानबाट उसको मूल्यांकन हुन नसक्नु माओवादीको ठूलो भूल हो ।

नेपाल पत्रकार महासंघको निर्वाचन यही जेठ २६ गते हुँदै छ । महासंघको निर्वाचनमा केन्द्रदेखि प्रदेशहुँदै जिल्लासम्म उम्मेदवारी दिन पत्रकार साथीहरू तम्तयार भएर बसेका छन् । टिकट पाउन केही पत्रकार नेताको चाकडी गर्न घरदैलो चाहर्दै छन् । विशेषतः प्रेस सेन्टरले उम्मेदवार चयन गर्दा जनयुद्धमा फलानोको भूमिका के थियो ? भन्नेमात्र कुरा नगरेर सबै पक्षको अध्ययन गर्ने, श्रमजीवीको हकका बारेमा आवाज उठाउने, कार्यान्वयन गर्ने हो भने अधिकांश जिल्ला, प्रदेश र केन्द्रमा प्रेस सेन्टरले खडा गरेका उम्मेदवारले विजय हासिल गर्ने निश्चित छ । तर प्रेस सेन्टरकै केन्द्रीय अध्यक्ष र उपाध्यक्षले सञ्चालन गरेको झिल्कोमा श्रमको सम्मान छैन, रोजगारको सुनिश्चितता छैन, श्रमजीवी ऐन कार्यान्वयन छैन भने प्रेस सेन्टरका साथीहरूले जित्ने सम्भावना रहँदैन । प्रेस सेन्टरका उम्मेदवारलाई जनयुद्ध लडेका पत्रकारले मात्र मतदान गरे भने कति मत आउला ? पार्टी चोइटिएर पाँच-छ फचाक भएको वर्तमान अवस्थामा त्यही २५-३० मत जति होलान् प्रेस सेन्टरमा जनयुद्ध लडेका पत्रकार । झिल्कोमा स-सम्मान काम गर्ने वातावरण सिर्जना नहुनुले प्रेस सेन्टर भनेको मजदुरमारा संगठन हो भन्ने सन्देश बाहिर प्रवाहित भएको छ । तसर्थ झिल्कोको समस्या पत्रकार महासंघको निर्वाचनअघि नै सम्बोधन गर्न जुगल-निर्मलहरूलाई प्रधानमन्त्रीले कडा निर्देशन दिन जरुरी छ । किनकि, उनीहरू तपाईंकै जोडबलमा संगठनको आजको पदमा पुगेको जगजाहेर छ ।

**अध्यक्ष प्रचण्डज्यू,**

तपाईंको सुशासनको नारा, योजना र सपनालाई साकार पार्ने हो भने जनताका स-साना समस्यालाई हल गर्नेतर्फ लाग्नुहोस् । तपाईं जनतासँगको सहज पहुँचमा रहनुहोस् । तपाईंको सचिवालयको घेरालाई एकदम सजिलो र सहज बनाउनुहोस् । हिजो पूर्वराजा ज्ञानेन्द्र शाहको शासनसत्ताको आखिरी समयमा उनलाई गलत सुझाव, सल्लाह दिने एउटा झुण्डले घेरेर राखेको थियो । ज्ञानेन्द्र तिनैका कुरा सुनेर एकपछि अर्को गलत निर्णय र 'कू'गर्न हौसिएका थिए । तपाईं पनि त्यस्ता गलत झुण्डलाई बेलैमा चिन्नुहोस् र आफू बच्नुहोस् । सचिवालय चुस्त बनाउनुहोस् । सचिवालयमा रहेका लोभीपापीहरूलाई बेलैमा चिनेर गलहत्याउनुहोस् । त्यस्ता गलत तत्त्वहरू प्रेस सेन्टरमा छन् । हरेक भ्रातृ संस्थामा छन् । तिनीहरूको पहिचान गर्न ढिला नगर्नुहोस् ।

***तपाईंको शुभचिन्तक ।***



**करेसाबारीमा विद्यार्थी** | नवलपरासी (बर्दघाट सुस्तापूर्व)को मध्यविन्दु नगरपालिका–९ स्थित लोकसेवा माविका विद्यार्थीहरू विद्यालयको करेसाबारीमा काम गर्दै । विद्यालयले विद्यार्थीलाई तरकारी खेतीको बारेमा अभ्यास गराउने गरेको छ । *तस्बिरः विष्णुप्रसाद गौडेल/रासस*

# कालीगण्डकीको सभ्यता जोगाउने अभियान र सन्देश

■ रामबहादुर थापा

**गण्डकी–** कालीगण्डकी नदी सभ्यता र त्यहाँका शालिग्राम शिलाको संरक्षणका लागि अभियन्ताहरूले नयाँ प्रयास सुरू गरेका छन् । श्रीकृष्ण मोहिनी एकादशी तिथि पारेर हालै यहाँ कालीगण्डकी नदीका शिलामा भगवान्का विभिन्न नाम अंकित गरे । कालीगण्डकी नदीमा मात्र पाइने शालिग्राम शिलालाई संसारभरका हिन्दूमार्गीले विष्णु भगवान्का रूपमा पुज्ने गर्छन् ।

अवैज्ञानिक उत्खननले एकातिर नदीको पारिस्थितिकीय प्रणाली नै खल्बलिने र अर्कातिर दुर्लभ शालिग्राम शिला लोप हुने जोखिम बढेपछि संरक्षणप्रेमीहरू कालीगण्डकी जोगाउने अभियानमा जुटेका हुन् । 'कालीगण्डकी बचाऔं अभियान' र 'प्रकृति, पर्यावरण र शालिग्राम संरक्षण समिति'मा आबद्ध अभियानीहरूले म्याग्दीको प्रसिद्ध गलेश्वरधामबाट बागलुङ हुँदै पर्वतको मोदीवेणीधामसम्मको क्षेत्रमा अवस्थित प्रमुख धर्मघाटहरूमा शालिग्राम भगवान्का नाम शिलांकित गरेका छन् । गण्डकी स्नान गरी हरिहर संकृतनका साथ शिलाहरूमा भगवान्का नाम अंकित गरिएको 'कालीगण्डकी बचाऔं अभियान'का संयोजक आरके अदीप्त गिरीले बताए ।

कालीगण्डकी नदीको पवित्रता एवं चक्रांकित र निष्चक्रांकित शालिग्राम शिला र नदी संरक्षणको सन्देश दिन अभियान सुरू गरिएको उनको भनाइ छ । 'धार्मिक तिथिमिति पारेर यो अभियानलाई निरन्तरता दिन्छौं, श्रीकृष्ण मोहिनी एकादशीमा कालीगण्डकीका हजारौं शिलामा शालिग्राम भगवान्का ९० अवतारका नाम शिलांकित गरिसकेका छौं,' उनले भने ।

अभियन्ता, साधु, सन्त र पर्यावरणप्रेमीहरूको समूहले हरहर गंगे, मच्छेमूर्ति, महाकुर्ममूर्ति, बराहमूर्ति, लक्ष्मीनारायणलगायत देवीदेउताका नाम शिलामा कोरेका थिए । 'अस्तित्व संकटबाट गुज्रिरहेको कालीगण्डकी नदी संरक्षणमा सरोकार भएका पक्षको ध्यानाकर्षण होस्, जनस्तरमा सन्देश पुगोस् भनेर यो अभियान थालिएको हो,' संयोजक गिरीले भने, 'सभ्यता बोकेको नदी मानवीय अतिक्रमणको चपेटामा छ, यसतर्फ बेलैमा सबैको ध्यान जानु जरुरी छ ।'



नदी र खोलाका किनारैकिनार खनिएका सडक, अव्यवस्थित सहरीकरण र विकास गतिविधि, प्रकृतिदोहन आदि कारणले मानव र प्राणी जगत् जोखिममा परेको उनको भनाइ छ । पर्वत, बागलुङ र म्याग्दी आसपासमा पर्ने आनन्द बगर, फोर्से, सती बगर, राजा बगर, सहश्रधारालगायत क्षेत्रमा सञ्चालित दर्जनौं क्रसर उद्योगले मनोमानी नदीजन्य पदार्थ उत्खनन गर्दै आएका छन् । अव्यवस्थित उत्खननका कारण नदी कुरूप बन्दै गएको मात्र छैन, ठाउँठाउँमा नदीको धार नै परिवर्तन भइरहेको छ ।

रातारात कालीगण्डकीबाट ढुंगा, बालुवा र गिट्टी उत्खनन तथा ओसारपसार हुने गरेको स्थानीयवासीको गुनासो छ । कालीगण्डकीले भोगिरहेको समस्याप्रति जनप्रतिनिधि र स्थानीय प्रशासनले अनदेखा गरिरहँदा दोहनकर्ताले संरक्षण पाइरहेको पर्वतको जलजला गाउँपालिकाका यज्ञ थापाले बताए । 'नदीजन्य सामग्री उपयोगका नाममा जथाभावी उत्खनन गर्दा नदी गहिरिने, धार परिवर्तन हुने भइरहेको छ,' उनले भने, 'तटीय क्षेत्रमा बाढी र कटानको जोखिम बढ्दो छ ।' कालीगण्डकी दोहनकै कारण यस क्षेत्रमा रहेका कतिपय ऐतिहासिक धर्मघाटहरू विस्थापित भएकामा उनले चिन्ता व्यक्त गरे । 'संसारमै दुर्लभ मानिने शालिग्राम शिलाको अस्तित्व संकटमा परिरहेको छ, भगवान् विष्णुको अवतारका रूपमा पुजिने शिला ढुंगा, गिट्टीका रूपमा बिक्री भइरहेको छ, यो दुःखद विषय हो ।'

कालीगण्डकी दोहनसँगै यस आसपासका खोल्साखोल्सी, वनजंगल, चौर, ढिस्काढिस्की, सम्पदा क्षेत्रका साथै सार्वजनिक महत्त्वका ठाउँसमेत मानवीय अतिक्रमणमा परिरहेको उनले बताए । बालुवा, गिट्टी र ढुंगालगायत निर्माण सामग्री नदी किनारमै संकलन गर्ने र त्यहीँबाट उठाउने गरिएको छ । नदी ऐन/नियम, वातावरणीय प्रभाव मूल्यांकनकोसमेत बेवास्ता गर्दै मनपरी ढंगले कालीगण्डकी दोहन गर्दा मानव बस्तीसँगै अन्य प्राकृतिक स्रोत/पानीका मूल-मुहान, जलथल आदि संकटमा परेका जानकारहरू बताउँछन् ।

सर्वोच्च अदालतले २०७८ असार २९ गते अन्तरिम आदेश जारी गर्दै कालीगण्डकीबाट नदीजन्य पदार्थ उत्खनन नगर्न/नगराउन र कालीगण्डकी नदीमाथिका सबै हस्तक्षेप बन्द गर्न आदेश दिएको 'कालीगण्डकी बचाऔं अभियानका' संयोजक गिरीले बताए । सर्वोच्चको आदेशविपरीत अहिले पनि लुकीछिपी नदीजन्य पदार्थको उत्खनन भइरहेको उनले जानकारी दिए । 'कालीगण्डकीजस्तो जन्मदेखि मृत्युसम्मका सबै संस्कार र परम्पराको स्रोतस्थलमा भएको क्रुर दोहन हामीलाई कदापि स्वीकार्य छैन,' उनले भने ।

कालीगण्डकीको अनियन्त्रित दोहन नरोकिने हो भने नदीको अस्तित्व नै नामेट हुने खतरा रहेको अधिवक्ता राम शर्माले बताए । उनले नदीजन्य पदार्थ उत्खननका लागि जोखिम नभएका ठाउँ पहिचान गर्ने, तोकिएको मात्रामा उत्खनन गर्ने, व्यवसायीलाई अनिवार्य करको दायरामा ल्याउने आदि गरेमा उत्खनन केही व्यवस्थित हुनसक्ने धारणा राखे ।

अभियन्ता गिरीले गिट्टी, बालुवाका लागि खानीको विकास गर्नुपर्ने र 'डचाम' बनाएर संकलित नदीजन्य पदार्थलाई प्राधिकरणमार्फत वितरण गर्न सकिने विचार राखे । उनी भन्छन्, 'ठूला यन्त्र, उपकरणको सहायतामा भइरहेको दोहनका कारण बर्सेनि नदी विरूप बन्दै गएको छ, नदीको धार परिवर्तन हुँदा बाढीलगायतका विपद् निम्तिरहेका छन् । त्यसैले नदी किनारमा बसोबास गर्ने लाखौं मानिसको थातथलो र जीविका संकटमा पर्दै गएकाले त्यसलाई जोगाउन सबैको ध्यान जान आवश्यक छ ।'

कालीगण्डकीको शिर मुक्तिनाथ र दामोदरकुण्डलाई हिन्दू र बौद्धमार्गी दुवैले पवित्र क्षेत्र मान्दछन् । कालीगण्डकीको जलाधार क्षेत्रमा आठ हजार मिटरभन्दा अग्ला तीनवटा हिमालय पर्वत शृंखला धवलागिरि, अन्नपूर्ण र मनास्लु रहेका छन् भने आठ हजारदेखि छ हजार मिटरसम्मका दुई दर्जनभन्दा धेरै हिमशिखर रहेका छन् । कालीगण्डकीको जलाधार क्षेत्रमा मुस्ताङ, म्याग्दी, पर्वत, बागलुङ, स्याङ्जा, गुल्मी, पाल्पा, तनहुँ, नवलपुर, नवलपरासी गरी १० जिल्ला रहेका छन् । नदीको अप्राकृतिक दोहनले मुक्तिनाथदेखि देवघाटसम्म कालीगण्डकी तटमा रहेका दर्जनौं तीर्थस्थलसमेत संकटमा छन् ।

हिमालय क्षेत्रको दामोदरकुण्ड, मुस्ताङको मुक्तिक्षेत्र हुँदै दक्षिण बग्ने कालीगण्डकीसँग आफ्नै प्राचीन सभ्यता छ । यससँग जोडिएको हिमालय सभ्यताको पौराणिक तथा धार्मिक साहित्यमा चर्चा गरिएको पाइन्छ । यस क्षेत्रका फाँटहरूमा प्राचीनकालदेखि नै सांस्कृतिक गतिविधि हुने गरेको विभिन्न धर्मग्रन्थहरूमा उल्लेख छ । चिनियाँहरूले रेशम व्यापारका क्रममा हिमालय भञ्ज्याङ पार गरी कालीगण्डकीको किनारैकिनार पोखरा, पाल्पा, तानसेन, लुम्बिनी हुँदै भारतसम्मको यात्रा गरेको इतिहासमा उल्लेख छ ।

धवलागिरि क्षेत्रका पर्यावरणप्रेमी युवाहरू मिलेर चार वर्षअघि 'कालीगण्डकी बचाऔं अभियान' सुरू गरेका थिए । नदी-सभ्यता जोगाउन लागिपरेको अभियानले जागरण गीतका रूपमा दुई वर्षअघि 'ए कालीगण्डकी...हे आमा गण्डकी' सार्वजनिक गरेको थियो । अभियानले कालीगण्डकी संरक्षणका पक्षमा 'नदी सप्तक' कविता श्रृंखला पनि चलाएको थियो । कालीगण्डकीको महिमागानदेखि मानवीय अतिक्रमण भोलिरहेको नदीको चित्कारसम्मलाई कवि-लेखकहरूले आफ्ना रचनामा मुखरित गरेका थिए । *रासस*

पृष्ठ १ बाट क्रमशः

## विकासका लागि ...

चीनकै अनुदानमा १९७७ मा २७ किलोमिटर लामो चक्रपथ निर्माण गरिएको थियो । अहिले चीनकै आर्थिक तथा प्राविधिक सहयोगमा चक्रपथको बिस्तार गर्न आयोजना अघि बढेको हो । सम्झौतामा दुईतर्फी चार लेन सडक, सर्भिस रोड, साइकल लेन, फुटपाथसहितको सडक र बस बिसौनी, पार्किङ लटलगायतका पूर्वाधार निर्माणसम्बन्धी बुँदा छन् । पुराना पुल तथा सर्भिस रोडहरूमा नयाँ पुलका साथै 'अन्डर पास' र तीन वटा 'ओभर हेड पास' बनाउने गरी भएको सहमति कार्यान्वयनसँग स्थानीय सहभागिता र अपनत्व, जनजीवनको यथावत् सञ्चालनजस्ता आयाम जोडिएका छन् ।

तर, यसका लागि अहिलेसम्म कुनै प्रयास नभएको महानगर प्रमुख साहको भनाइ छ । 'निर्वाचित भएर आइसकेपछि चक्रपथ सुधार (दोस्रो चरण) का लागि हामीले २२ स्थानका संरचना (मन्दिरसहित) हटाएर साइट क्लियर गरेका छौं । तर समयमा नै काम सुरु नहुँदा एकातिर विकास योजनाको भविष्य अनिश्चित भएको छ भने अर्कोतिर भत्किएका सडक वर्षात्को समयमा हिलाम्य र हिउँदमा धुलाम्य हुने गरेका छन्,' उनले भनेका छन् ।

आयोजनाको लागत पाँच अर्ब ८५ करोड रूपैयाँ हो । गत असारमा सडक विभागले महाराजगञ्ज क्षेत्रको २४४ मिटर छोडेर निर्माण थाल्न पत्राचार गरेको भए पनि चिनियाँ निर्माण कम्पनीले पूरै साइट क्लियर गरेपछिमात्रै आफू अगाडि बढ्ने अड्डी कसेको थियो । कलंकीदेखि बसुन्धरा कल्भर्टसम्म चिनियाँ पक्षले र बाँकी खण्ड नेपाल सरकारले नै बिस्तार गर्ने कार्ययोजना थियो ।

२०७९ को फागुनमा तत्कालीन भौतिक पूर्वाधार तथा यातायातमन्त्री नारायणकाजी श्रेष्ठ र नेपालका लागि चिनियाँ राजदूत छनसङ सोङ, मन्त्रालयका सचिव, सडक विभागका महानिर्देशक, विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ र प्रमुख साहसहितको टोलीले स्थलगत अवलोकन गरेका थिए । त्यसैका आधारमा काठमाडौं महानगरले चक्रपथ बिस्तारमा देखिएका बाधा-अवरोधका बारेमा जानकारी लिएर हटाएको थियो । स्थलगत भ्रमणका चिनियाँ राजदूत छन सोङले आगामी छ महिनामा आयोजना बिस्तारका लागि जनशक्ति परिचालन बताएका थिए ।

यस्ता आयोजनामा काठमाडौं महानगरका प्रमुखले संघ, प्रदेश सरकारमात्र हैन सडक बनाउने ठेकेदार कम्पनीसँग समन्वय गर्नुपर्ने हुन्छ । साहले महानगरको तर्फबाट आफू जुनसुकै दायित्व निर्वाह गर्न तयार रहेको बताएका छन् । 'आयोजना कार्यान्वयनपूर्व, आयोजना कार्यान्वयन अवधि र आयोजना समापनपश्चात् पनि हामीसँग सरोकार राख्ने धेरै विषय छन् । यस्ता विषयमा सरोकार राख्ने कार्यालयहरूका बीचमा आपसी समन्वय, आन्तरिक तथा सार्वजनिक सूचना प्रवाह र लाभग्राही तथा उपभोक्ताको सहभागिताको हामीले अपेक्षा गरेका छौं,' उनले भनेका छन्, 'आयोजना अब छिट्टै सुरु हुन सकोस् । यसका लागि महानगरपालिकाले निर्वाह गर्नुपर्ने थप दायित्वका लागि हामी तत्पर छौं ।'

यसअघि प्रमुख साहले जेठ ७ गते माओवादी केन्द्रको कार्यालय पेरिसडाँडामा फोहोर पठाएका थिए । जेठ ५ देखि बञ्चरेडाँडामा रोजगारीको माग राखेर बलामी युवा समाजले फोहोर रोकेपछि उनले सरकारको नेतृत्व दल माओवादी कार्यालयमा चार वटा फोहोर बोकेको ट्रक पठाएका थिए । ती ट्रकका चालक पक्राउपछि आक्रोशित हुँदै प्रमुख साहले फेसबुकमा चालकलाई रिहा नगरे कुनै फोहोर नउठ्ने चेतावनी दिएका थिए ।

'भ्रष्टलाई समाउन सक्नुभएन, काठमाडौंमा फोहोर बोक्ने चार चालकलाई समाउनुभएछ यो सरकारले । जबसम्म स-सम्मान चालकहरू रिहा हुन्नन् सिंहदरबारलगायत सबै पार्टी कार्यालयको तथा नेताहरूको घरको फोहोर उठ्दैन,' महानगर प्रमुख साहले त्यतिबेला लेखेका थिए, 'को-को जुध्न आउने हो, आए हुन्छ, कसैलाई बाँकी छाडिदैन !' उनको चेतावनीपछि सरकारले चालकलाई रिहा गरेको थियो ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Food Leader Trading Est.

पूर्व स्वीकृति मिति: २०८१/०२/०९ | LT. No. 305124 | चलानी नं. ६०२१९९९९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 1 | 0 | 2000 | ७०८६९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २१ गते (3rd Jun 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: 10,000

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १२०८/०७३/०७४

Overseas Employment (P.) Ltd.

Bhimsengola, Baneshwor-34, Kathmandu, Nepal Tel:+977-1-4110069

E-mail: overseas4employment@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL YUSR INDUSTRIAL CONTRACTING CO..

पुर्व स्वीकृति मिति २०८१/०२/१२ | LT. No. 305357 | चलानी नं. ६०२२००१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Utensil Cleaning Worker | 5 | 0 | 1000 | ३५४२३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | KITCHEN WORKER | 5 | 0 | 1000 | ३५४२३ | | | | | | | |
| 3 | Office and Facility Cleaning Worker | 5 | 0 | 1000 | ३५४२३ | | | | | | | |
| 4 | pipe and boiler insulation labor | 10 | 0 | 1200 | ४२५०८ | | | | | | | |
| 5 | waiter | 5 | 0 | 1200 | ४२५०८ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २० गते (2nd June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १३०५/०७४/०७५

All Asia Overseas Pvt.Ltd

Ratopul, Gaushala-7, Kathmandu, Nepal

Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ARAB MACHINEYRY CONTRACTING COMPANY

पुर्व स्वीकृति मिति २०८१/०२/११ | LT. No. 305196 | चलानी नं. ६०२२०००२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 31 | 0 | 1800 | ६३७६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २० गते (2st June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

National Exports Manpower Consultant Pvt. Ltd.

Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652

E-mail : nationalexportsmc@gmail.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : REGENT PALACE HOTEL LLC.

पूर्व स्वीकृति मिति २०८१/०२/१२ | LT. No. 305329 | चलानी नं.६०२२००२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barman | 30 | 0 | 1500 | ५४२४६ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | General Cook | 20 | 0 | 2000 | ७२३२८ | | | | | | | |
| 3 | waiter | 50 | 0 | 1200 | ४३३९६ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २० गते (2nd June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Indigo Overseas Pvt. Ltd.

Samakhushi, Kathmandu, Nepal Tel : +977-1-4387787 / 6201955

Mobile No.9840806449, 9823025516 E-mail : indigo.pukar@gmail.com, indigo.recp@gmail.com, Website : www.ioplneoal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ESAD FOR HUMAN RESOURCES MANAGEMENT

पूर्व स्वीकृति मिति २०८०/०८/१५ | पून: विज्ञापन स्वीकृति मिति २०८१/०२/१२ | LT. No. 295808 | चलानी नं. ६०२१०९३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 5 | 0 | 1600 | ५६६७७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | KITCHEN WORKER | 6 | 0 | 1000 | ३५४२३ | | | | | | | |
| 3 | Office and Facility Cleaning Worker | 2 | 0 | 1000 | ३५४२३ | | | | | | | |
| 4 | waiter | 10 | 0 | 1300 | ८१४७३ | | | | | | | |

कम्पनी : ARABIN SPANISH FOOD INDUSTRIES COMPANY

पूर्व स्वीकृति मिति २०८१/०२/११ | LT. No. 305037 | चलानी नं. ६०२२००२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 14 | 0 | 1000 | ३५४२३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : EFSIM FACILITIES MANAGEMENT COMPANY

पूर्व स्वीकृति मिति २०८१/०२/१२ | LT. No. 305293 | चलानी नं. ६०२२००२७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Store Worker | 55 | 0 | 1000 | ३५४२३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ जेठ २० गते (2nd June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 1563/079/080

HAMDAN GLOBAL PVT. LTD.

Sinamangal - 9, Kathmandu (Opposite of Hope hospital), Tel: +977 1 5915082 / 83

Email: hamdanglobalnepal@gmail.com, Web: www.hamdanglobal.com


## 'सानो संसार' को शुभमुहूर्त

'चपली हाइट' फेम निर्माता अर्जुन कुमारले सानो संसार नामको फिल्मको निर्माण गर्न लागेका हुन् । शुक्रबार बिहान कमलादीस्थित गणेश मन्दिरमा शुभमुहूर्त गर्दै फिल्मको निर्माण घोषणा गरिएको छ । फिल्ममा मुख्य भूमिकामा देखिन लागेकी सीतादेवी तिमल्सिना (केदार घिमिरे 'माग्ने बुढा'की श्रीमती) ले मुहूर्त सट दिएकी थिइन् । सिद्धार्थ पुडासैनीको डेब्यु निर्देशनमा बन्न लागेको फिल्ममा सीतादेवीसहित राज पंगेनी शर्मा, अनु दाहाल, अन्जसा रिजाल, शिशिर शिवाकोटी आदिको अभिनय रहनेछ । उनीहरु सबैले यही फिल्मबाट डेब्यु गर्दैछन् । यही जेठ अन्तिमबाट काठमाडौं, धादिङ र नुवाकोटमा छायांकन हुने निर्माता अर्जुनले बताए ।





# भिडियोमा ड्राइभर र मास्टर्नीको प्रेम



■ प्रभाव संवाददाता

**काठमाडौं–** गायक देव आले मगर र गायिका मञ्जु थापाको रोमान्टिक गीत 'मास्टर्नी' बोलको गीत तथा भिडियो सार्वजनिक भएको छ । युट्युबमार्फत सार्वजनिक गरिएको यस गीतको भिडियोलाई फिल्मीशैलीमा तयार गरिएको छ । भिडियोमा गायक देव आले र रेनुका आले मगर फिचरिङ छन् ।

चित्र मस्की मगरको निर्देशन तथा कोरियोग्राफी रहेको यस भिडियोमा मास्टर्नी र ड्राइभरको प्रेमकथा अर्थात रोमान्सलाई चित्रण गरिएको छ । गीतको भाव रोमान्टिक भएपनि सन्देशमूलक छ । युवा रोजगारीको सिलसिलामा विदेश पलायन भइरहेको अवस्थामा गाउँमै बसेर शिक्षिका गर्ने र बस चलाउने ड्राइभरको प्रेमकथालाई निर्देशकले रोमान्टिकशैलीमा प्रस्तुत गरेका छन् ।

अभिनेतासमेत रहेका गायक देव र रेनुकाको अनस्क्रिन जोडी सुहाएको छ । यस भिडियोलाई मकवानपुरको थाहा नगरपालिकाको पालुङमा छायाँकन गरिएको हो । गायक देव आलेको मात्र नभएर यो गीत गायिका मञ्जु थापाको पनि महत्वकांक्षी हो । जसका कारण भिडियो निर्माणमा निकै मिहिनेत र लागत खर्चिएको देखिन्छ ।

नेपाली सांगीतिक बजारमा डान्सिङ गीत चलिरहेका बेला देव र मञ्जुले 'मास्टर्नी' ल्याएका हुन् । भिडियो मेकिङ पनि राम्रो छ । त्यसैले यस भिडियोबाट निर्माणपक्ष आशावादी छन् ।

भिडियो सार्वजनिक गरेपछि गायक तथा नायक देवले भने, 'भिडियो निर्माणमा मिहिनेत गरेका छौं । दर्शक तथा स्रोताले पनि भिडियो तथा यस गीतलाई रुचाउने छन् भन्नेमा विस्वस्त छु ।' भिडियोकी मोडल रेनुकाले पनि 'मास्टर्नी'बाट आफू अपेक्षित रहेको बताइन् । 'यस भिडियोका लागि सकेजति मिहिनेत गरेकी छु' उनले भनिन्, 'टिमले नै मिहिनेत गरेका छौं, मिहिनेत गरेअनुसार फल पाउने छौं भन्नेमा ढुक्क छु ।'

नवराज उप्रेतीले खिचेको यस भिडियोलाई मिलन विश्वकर्माले सम्पादन गरेका हुन् । यस भिडियोका लागि विमला तामाङले शृंगार पटार गरेकी छन् भने ध्रुव थापाको प्रोडक्शन रहेको छ । गायक देव आलेकै शब्द तथा लय रहेको यस गीतको भिडियोलाई गायिका मञ्जु थापाको अफिसियल युट्युब च्यानल 'मञ्जु थापा'मार्फत सार्वजनिक गरिएको हो ।

## 'फर्की फर्की'को आक्रामक व्यापार

**काठमाडौं (प्रस)–** बुद्ध जयन्तीको अवसर पारेर गत जेठ १० गतेबाट रिलिज भएको फिल्म 'फर्की फर्की'ले बिहीबार र शुक्रबारझैं शनिबार पनि काठमाडौं उपत्यकासहित देशभरका हलमा आक्रामक व्यापार गरेको छ । उपत्यकासहित देशभरका हलमा अनमोल केसी र जसिता गुरुङ स्टारर फिल्म हेर्न दर्शकको संख्या अधिक छ ।

काठमाडौं उपत्यकाका एफक्युब सिनेमाज, अष्टनारायण हल, बिग मुभिज, वान सिनेमाजसहित क्युएफएक्स चेन अन्तर्गतका देशभरका हल हाउसफूल छन् । निर्माता रोहित अधिकारीका अनुसार उपत्यका बाहिरका प्रमुख सहरहरूमा पनि फिल्मप्रति दर्शकको उल्लेख्य उपस्थिति छ । दर्शकमाझ फिल्म आएपछि फिल्मका प्रमुख कलाकार अनमोल केसी, जसिता गुरुङ, रवि काफ्ले, निर्देशक सुयोग गुरुङ, वितरक गोविन्द शाही बिहानदेखि नै दर्शक प्रतिक्रिया बुझ्न हल-हल पुगेका छन् ।

निर्देशक गुरुङले दर्शकले फिल्मको कथालाई अधिक मनपराएको बताए । 'अनमोलको कामबाट दर्शकहरू झन बढी खुशी हुनुहुन्छ । फिल्मको मेकिङसँग क्यानभासलाई पनि उत्तिकै मनपराउनुभएको छ', उनले भने ।

निर्माता रोहित अधिकारीले पछिल्लो समयमा कथात्मक फिल्मको लहर चलिरहेको बेला त्यसलाई चिर्दै प्रेमकथाको 'फर्की फर्की' हेर्न दर्शकको भीड बढेको बताए । 'बिहीबारदेखि नै हामीलाई दर्शकले राम्रो साथ दिनुभएको छ । आज शनिबार पनि काठमाडौं उपत्यकासहित देशभरका हलमा दर्शक संख्या उच्च छ । हामीलाई दर्शकको उपस्थितिले नयाँ हौसला दिएको छ', उनले भने । रोहित अधिकारीको निर्माण र सुयोग गुरुङको लेखन तथा निर्देशन रहेको फिल्म 'फर्की फर्की'मा अनमोल केसी, जसिता गुरुङ, निर्मल शर्मा, लोकेन्द्र लेखक, सलोन बस्नेत, रवि काफ्ले र समृद्धि अर्याललगायतको अभिनय छ ।

# शिव श्रेष्ठसहित कलाकर्मीलाई सम्मान

■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेता शिव श्रेष्ठसहित दर्जनबढी कलाकर्मी एकसाथ सम्मानित भएका छन् । 'कोशी चलचित्र महोत्सव २०८१'को अन्तिम दिन एक विशेष कार्यक्रमकाबीच सम्मान प्रदान गरिएको हो । श्रेष्ठलाई कलाकारिताको माध्यमबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा पहिचान बनाएको भन्दै 'विशेष योगदान सम्मान २०८१' दिइएको हो ।

कार्यक्रममा चलचित्र विकास बोर्डका पुर्व अध्यक्ष तथा निर्माता राजकुमार, कलाकार संघका अध्यक्ष मोहन निरौला, निर्देशक नविन सुब्बा, निर्माता छबिराज ओझा, पहिलो महिला निर्देशक सुचित्रा श्रेष्ठ, कलाकार निर्देशक रमेश बुढाथोकी, रंगपत्रकार प्रकाश सुवेदीलाई पनि 'विशेष योगदान सम्मान २०८१' प्रदान गरियो ।

कोशी प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री लिलाबल्लभ अधिकारी, महोत्सवका संयोजक तथा चलचित्रकर्मी महासंघ कोशी प्रदेशका अध्यक्ष अरुण कुमार प्रधान लगायतले सम्मानित सबैलाई दोसल्ला, खाँदा सहित प्रमाण पत्रले सम्मान गरे ।

सोही अवसरमा बरिष्ठ कलाकार तथा निर्देशक लक्ष्मीनाथ शर्मालाई 'लाइफटाइम अचीवमेन्ट सम्मान २०८१' प्रदान गरिएको थियो । चलचित्रकर्मी कुबेर शर्मा, चिरञ्जिवी बस्नेत, केशव रायमाझी, सबुरलाल चौधरी, लाखमान योजन, सुमित खड्का, गायक श्रीकृष्ण लुईटेल, विरेन्द्र झा, विपिन प्रसाई, सुवास मेचे, प्रेम देवानलगायतले 'प्रादेशिक सम्मान' प्राप्त गरे ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेशको आयोजनामा सिटीपार्टी प्यालेसमा आयोजित कार्यक्रममा चलचित्र कलाकार संघका निवर्तमान अध्यक्ष रबिन्द्र खड्का, चलचित्र बिकनस बोडका पुर्व अध्यक्ष राजकुमार राई, चलचित्रकलाकार संघका अध्यक्ष मोहन निरौला चलचित्र पत्रकार संघका केन्द्रीय उपाअध्यक्ष कुबेर गिरी, निर्माता संघका कोषाध्यक्ष ज्योतीराज राईलगायत बिभिन्न क्षेत्रका थुप्रै व्यक्तिहरूको सहभागी रहेको थियो ।

कोशी प्रदेशमा चलचित्रको गतिबिधि बढाउदै त्यहाँ बनेको चलचित्रको प्रवर्न्धन गर्ने उदेश्यले आयोजित महोत्सवमा ४४ छोटो तथा फिचर गरेर ४४ फिल्मको सहभागीता थियो । प्रदेशमै पहिलो पटक आयोजना भएको महोत्सव भएकोले सहभागी सबै फिल्मकर्मीलाई अवार्ड तथा प्रमाणपत्र प्रदान गरिएको थियो । कार्यक्रममा आन्तरिक मामिला तथा कानून मन्त्री लिलाबल्लभ अधिकारीले कोशी प्रदेशलाई चिनाउन चलचित्र महोत्सवले महोत्वुर्ण भुमिका खेल्ने बताए । उनले चलचित्र महोत्सवलाई आगामी दिन पनि निरन्तरता दिनुपर्ने धारण राखे ।

कोशी प्रदेशका मुख्य मन्त्री हिक्मत कार्कीले उद्घाटन गरेसँगै सुरु भएको महोत्सवमा कोशी प्रदेशमा चलचित्र निर्माण, विश्वबजारमा नेपाली चलचित्र, नेपाली चलचित्रमा महिला भन्ने बिषयमा दिनेश डिसी, नवल खड्का, नविन सुब्बा, सुचित्रा श्रेष्ठ र संगीता श्रेष्ठ लगायत बक्ता रहेको अन्तर्क्रिया समेत आयोजना भएको थियो ।

६ दिन कोशी प्रदेशका बिभिन्न स्थानमा चलचित्र प्रदर्शन गरिएको महोत्सव कोशी प्रदेशलाई चलचित्र हव बनाउने र यहाँका चलचित्रको प्रचार प्रसार गर्दै चलचित्रकर्मीलाई प्रोत्सान गर्ने उदेश्यले आयोजना गरिएको आयोजक चलचित्रकर्मी महासंघका अध्यक्ष अरुण प्रधानले बताए । आगामी दिनमा पनि यस्ता महोत्सव निरन्तर आयोजना गर्दै जाने उनले सुनाए ।



# ओलम्पिकका लागि छनोट भएका श्यान्टु पुरस्कृत

■ प्रभाव संवाददाता

**काठमाडौं–** खेलप्रेमी एवं समाजसेवी सुमन खड्गीले पेरिस ओलम्पिक- २०२४ का लागि छनोट भएका टेबल टेनिस खेलाडी श्यान्टु श्रेष्ठलाई शनिबार १ लाख नगदसहित पुरस्कृत गरेका छन् । खुशिबुँस्थित स्ट्याग च्याम्पियन्स टेबलटेनिस एकेडेमीमा आयोजित कार्यक्रममा खड्गीले श्यान्टुलाई पूर्व घोषित रकम बराबरको चेक हस्तान्तरण गरे ।




गत बैशाख ३१ देखि जेठ २ गतेसम्म लैनचौरस्थित राष्ट्रिय टेबल टेनिस प्रशिक्षण केन्द्रमा पेरिस ओलम्पिकका लागि भएको दक्षिण एसियाली टेबल टेनिस छनोट प्रतियोगिताको पुरुषमा पहिलो हुँदै श्यान्टु छनोट भएका थिए । इतिहास रच्ने क्रममा श्यान्टुले नेपालकै संयोग कपालीलाई फाइनलमा ४-३ ले पराजित गरेका थिए । महिलामा भने नेपाली खेलाडी छनोट हुन सफल भएनन् । खड्गीले नेपाल पुरुष/महिला दुवैमा छनोट हुन सके समान १-१ लाख नगद पुरस्कार प्रोत्साहन स्वरूप प्रदान गर्ने प्रतिबद्धता जनाएका थिए । ५ राष्ट्रको सहभागिता रहेको उक्त प्रतियोगिताबाट समान १-१ पुरुष/महिला खेलाडी छनोट हुने प्रावधान थियो ।

टेबल टेनिसमा छनोट चरण पार गरेर ओलम्पिक खेल्ने श्यान्टु पहिलो नेपाली टेबल टेनिस खेलाडी हुन् । समग्रमा भने श्यान्टु तेश्रो नेपाली खेलाडी हुन् । यसअघि तेक्वान्दोका संगिना वैद्य र दीपक विष्टले छनोट चरण पार गर्दै ओलम्पिक खेलेका थिए ।

नेपाली टेबलटेनिसकै इतिहासमा श्यान्टुअघि कुनै पनि नेपाली खेलाडीले ओलम्पिक खेलेका छैनन् । श्यान्टु विशेष प्रशिक्षणका लागि आइतबार अस्ट्रेलिया प्रस्थान गर्ने बताइएको छ । उनी विगत २ वर्षदेखि अस्ट्रेलिया बस्दै आएका छन् । कार्यक्रममा नेपाल ओलम्पिक कमिटीका उपाध्यक्ष एवं कार्यकारी निर्देशक चतुरानन्द राज वैद्यलगायतको उपस्थिति रहेको थियो ।

# बडी बिल्डिङका २८ प्रशिक्षक तयार

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल बडी बिल्डिङ एन्ड फिटनेस महासंघले आयोजना गरेको प्रशिक्षक प्रशिक्षणपछि बडी बिल्डिङका २८ प्रशिक्षक तयार भएका छन् । प्रशिक्षणमा उत्तीर्ण प्रशिक्षकले अब 'सर्टिफाइड ट्रेनर' का रूपमा काम गर्न सक्नेछन् ।

नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठको प्रमुख आतिथ्यमा शनिबार भएको कार्यक्रमको समापन समारोहमा उनीसँगै महासचिव निलेन्द्रराज श्रेष्ठले सफल प्रशिक्षकलाई प्रमाणपत्र वितरण गरे ।

त्यस अवसरमा अध्यक्ष श्रेष्ठले प्रशिक्षणमा सहभागी भएकालाई बधाई दिँदै अबको दिनमा आफ्नो काँधमा आइपुगेको जिम्मेवारीलाई राम्रोसँग निभाउन अनुरोध गरे । प्रशिक्षक प्रशिक्षण जेठ १ देखि १२ गतेसम्म सञ्चालन भएको थियो । काठमाडौंमा बडी बिल्डिङको प्रशिक्षक प्रशिक्षण कार्यक्रम भएको यो चौथो पटक हो । पूरा देशमा भने यस्तो कार्यक्रम भएको यो आठौं पल्ट हो ।

# हरिकेन्सविरुद्ध नेपाल विजयी

■ प्रभाव संवाददाता

**काठमाडौं–** आइसिसी टी-२० विश्व कपको तयारीका लागि अमेरिकामा रहेको नेपाली राष्ट्रिय क्रिकेट टिमले ह्युस्टन हरिकेन्सविरुद्धको पहिलो अभ्यास खेलमा संघर्षपूर्ण जित हासिल गरेको छ । गएराती सम्पन्न खेलमा नेपालले हरिकेन्सलाई ६ रनले पराजित गरेको हो ।

नेपालले दिएको १४७ रनको लक्ष्य पछ्याएको हरिकेन्सले २० ओभरमा ८ विकेट गुमाएर १४० रन बनाएको थियो । यसअघि नेपालले पहिला ब्याटिंग गर्दै निर्धारित २० ओभरमा ८ विकेट गुमाएर १४६ रन बनाएको थियो । यस खेलमा सुपर ओभरको अभ्यास समेत गरिएको थियो ।



सुपर ओभरमा पहिला ब्याटिङ गरेको हरिकेन्सले अविनाश बोहराविरुद्ध १५ रन बनाएको थियो भने नेपालले ४ बलमा जित हासिल गरेको थियो । नेपालका लागि कुशल मल्लले २ छक्का र एक चौका प्रहार गरेर सुपर ओभरमा जित दिलाएका थिए । यो अभ्यास खेलपछि नेपालले विश्वकप अघि क्यानडा र अमेरिकाविरुद्ध वार्म अप खेल खेल्ने तालिका रहेको छ । नेपालले मे २७ मा अमेरिकाको डलासमा क्यानडाविरुद्ध वार्म अप खेल खेल्ने छ भने मे ३० मा डलासमै अमेरिकाविरुद्ध खेल्ने भएको छ ।

# कुङफुमा रजिन र राजको ह्याट्रिक

■ प्रभाव संवाददाता

**काठमाडौं –** रजिन च्यामेले तेस्रो राष्ट्रिय कुङफु प्रतियोगितामा शनिबार तेहेरो स्वर्ण जितेका छन् । काठमाडौँका उनले सिनियर पुरुषको लङ वेपन, सर्ट वेपन र बेयर ह्यान्ड स्पर्धामा स्वर्ण जितेका हुन् ।

कीर्तिपुर कभर्डहलमा भएको प्रतियोगिताको सिनियर पुरुषको लङ वेपनमा ओखढुङ्गा कुमार बलामी दोस्रो तथा ललितपुरका पेम्बा शेर्पा तेस्रो भए । सर्ट वेपनमा पनि कुमार र पेम्बाले त्यही सफलता दोहोऱ्याए । बेयर ह्यान्डमा भने पेम्बाले रजत तथा कुमारले कांस्य हात पारे ।

नेपाल कुङफु संघको आयोजना तथा मार्सल आर्ट्स अर्गनाइजेसन नेपालको सह-आयोजनामा भएको प्रतियोगितामा धादिङका राज थापाले पनि स्वर्णमा ह्याट्रिक गरे । उनले जुनियर पुरुषको लङ वेपन, सर्ट वेपन र बेयर ह्यान्डमा गरी ३ स्पर्धामा स्वर्ण जिते ।



बेयर ह्यान्डमा गोर्खाका सागर गुरुङले रजत तथा काठमाडौँका अमोद बस्नेतले कांस्य हात पारे । लङ वेपनमा गोर्खाका सागर दोस्रो तथा काठमाडौँका रिकेश च्यामे तेस्रो बने । सर्ट वेपनमा गोर्खाका सागर दोस्रो र काठमाडौँका अमोद तेस्रो स्थानमा रहे । जुनियर महिलाको बेयर ह्यान्डमा काठमाडौँकी यौकी गुरुङले शीर्ष स्थान हात पारिन् ।

प्रतियोगितामा विभिन्न १६ जिल्लाका १ सय ८० खेलाडीले सिनियर र जुनियरमा गरी ४४ स्पर्धामा प्रतिस्पर्धा गरिरहेको सह-आयोजक मार्सल आर्ट्स अर्गनाइजेसन नेपालका अध्यक्ष राजीव महर्जनले जनाएका छन् । प्रतियोगिता आइतबार सम्पन्न हुनेछ ।



उत्तरी गाजा पट्टीको जबलियाबाट भागेर शुक्रबार गाजा सहरमा आइपुगेका प्यालेस्टिनीहरू । यसअघि बिहीबार इजरायलको राज्य सञ्चालित कान रेडियोले इजरायली सेनाले दक्षिणी गाजा सहर रफाहमा आफ्नो भूमिगत कारबाही जारी राखेको बताएको थियो । *तस्विरः सिन्हवा*

# आइसिजेको फैसला पालना गर्न इजरायललाई आग्रह

**क्यानबेरा–** अस्ट्रेलिया सरकारका एक वरिष्ठ मन्त्रीले इजरायललाई दक्षिणी गाजामा सैन्य आक्रमण रोक्न अन्तर्राष्ट्रिय न्याय अदालत (आइसिजे)को आदेश पालना गर्न आग्रह गरेका छन् । संयुक्त राष्ट्रसंघको सर्वोच्च अदालत आइसिजेले शुक्रबार इजरायललाई दक्षिणी गाजा सहर रफाहमा सैन्य आक्रमण तुरुन्तै रोकी इजिप्ट र गाजाबीचको राफाह क्रसिङ खोल्न आदेश दिएको थियो ।

यसको जवाफमा अस्ट्रेलियाका जलवायु परिवर्तन तथा ऊर्जामन्त्री तथा प्रधानमन्त्री एन्थोनी अल्बनिजको मन्त्रीमण्डलका सदस्य क्रिस बोवेनले संघीय सरकारले उक्त फैसलालाई समर्थन गरेको बताएका छन् । उनले रफाहको स्थितिलाई मानवीय प्रकोपको रूपमा वर्णन गर्दै त्यहाँ अझ खराब हुने सम्भावना व्यक्त गरे । रफाहमाथि आक्रमण नगर्न स्थिर रहेको बोवेनले शनिबार पत्रकार सम्मेलनमा बताएका हुन् ।

अस्ट्रेलियाले अन्तर्राष्ट्रिय कानुनको पालना गर्नुपर्नेमा विश्वास गर्ने बताउँदै अस्ट्रेलियाको बाध्यकारी निर्णयको पालना गरी इजरायलले राफाहलाई आक्रमणलाई रोक्नुपर्ने उनले बताए । आइसिजेको आदेशलाई १५ अन्तर्राष्ट्रिय न्यायाधीशको प्यानलले १३/२ मतमा पारित गरेको थियो । इजरायल र युगान्डाका न्यायाधीशले यस निर्णयको विरोध गरेका थिए । *रासस/सिन्ह्वा*

# अमेरिकाद्वारा युक्रेनलाई २७ करोड ५० लाख डलर सहयोग घोषणा

**वासिङ्टन डिसी (अमेरिका)–** संयुक्त राज्य अमेरिकाले शुक्रबार युक्रेनका लागि २७ करोड ५० लाख अमेरिकी डलरको नयाँ सुरक्षा सहायता प्रदान गर्ने घोषणा गरेको छ । सहायतामा गोला बारुद, आर्टिलरी राउन्ड र सटिक हवाई हतियार समावेश छन् ।

अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले रुससँगको युद्धमा युक्रेनलाई अमेरिकाको समर्थन रहेको दोहोर्‍याएका छन् । उनले युक्रेनलाई नयाँ सुरक्षा सहायता प्रदान गर्नु कियभलाई खार्किभ नजिकै मस्कोको आक्रमणलाई रोक्न मद्दत गर्ने अमेरिकी प्रयासको एक हिस्सा रहेको बताए ।

सामाजिक सञ्जाल एक्सको एक पोस्टमा ब्लिन्केनले भने, 'आज संयुक्त राज्य अमेरिकाले युक्रेनका बहादुर मानिसलाई सहयोग गर्न २७ करोड ५० लाख अमेरिकी डलरको हतियार र उपकरण प्रदान गर्ने घोषणा गरिरहेको छ । रुसको आक्रामकताविरुद्धको लडाइँमा हामी युक्रेनको साथमा रहनेछौं ।'

'यो २७ करोड ५० लाख मिलियन अमेरिकी डलरको प्याकेज युक्रेनलाई खार्किभ नजिकै रुसको आक्रमणलाई रोक्न मद्दत गर्ने हाम्रो प्रयासको एक हिस्सा हो । यसमा हिमार्सका लागि गोला बारुद १५५ एमएम र १५ एमएम आर्टिलरी राउन्ड, टचुब-लञ्च, अप्टिकली-टचाक्ड, वायर-गाइडेड मिसाइल, ज्याभलिन र एटी-४ एन्टी-आर्मर प्रणाली, सटिक हवाई हतियार, साना हतियार,



गोला बारुद, एन्टी-आर्मर माइन, सामरिक सवारीसाधन, शरीर कवच, रासायनिक, आणविक सुरक्षा उपकरण, स्पेयर पार्ट्स, मर्मतसम्भार र अन्य तत्काल आवश्यक उपकरण समावेश छन्,' उनले बताए । ब्लिन्केनले भने, 'राष्ट्रपति बाइडेनले स्पष्ट गरिसक्नुभएको छ, संयुक्त राज्य अमेरिका र अन्तर्राष्ट्रिय गठबन्धन युक्रेनको स्वतन्त्रताको रक्षामा युक्रेनको साथमा रहने छ ।'

सन् २०२२ मा मस्को र कियभबीच युद्ध सुरु भएदेखि अमेरिकाले युक्रेनलाई सहयोग गर्ने प्रस्ताव गरेको हो । रसियासँग चलिरहेको युद्धबीच कियभलाई अमेरिकी समर्थनको पुष्टि गर्न यस महिनाको सुरुमा एन्टोनी ब्लिन्केनले युक्रेनको आकस्मिक भ्रमणमा पुगेका थिए । फेब्रुअरी २०२२ मा मस्को र कियभबीच युद्ध सुरु भएपछि उनले चौथोपटक यो अघोषित भ्रमण गरेका हुन् । *रासस/एएनआई*

# मानवीय कामदारको सुरक्षाका लागि प्रस्ताव पारित

**राष्ट्रसंघ–** संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्ले शुक्रबार मानवीय कामदारको सुरक्षाका लागि प्रस्ताव पारित गरेको छ । जसले सबै राज्यलाई मानवीय कर्मचारी, संयुक्त राष्ट्र र सम्बन्धित कर्मचारीको सम्मान र सुरक्षा गर्न आह्वान गर्दछ । प्रस्तावले सुरक्षा परिषद्का १५ सदस्यमध्ये १४ को समर्थन प्राप्त गर्‍यो भने रुस अनुपस्थित रह्यो ।

प्रस्तावमा सबै राज्य तथा सशस्त्र द्वन्द्वका पक्षलाई सबै परिस्थितिमा लागू हुने अन्तर्राष्ट्रिय मानवीय कानुनको सम्मानको सुनिश्चित गर्न आह्वान गरिएको छ । यसले सशस्त्र द्वन्द्वका सबै पक्षलाई अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र अन्तर्राष्ट्रिय मानवीय कानुनअन्तर्गतका दायित्वको पूर्णपालना गर्न निर्देशन गरेको छ । जसमा मानवीय कर्मचारी र संयुक्त राष्ट्र र सम्बन्धित कर्मचारीको सम्मान र संरक्षणसम्बन्धी दायित्व समावेश छन् ।

यसले मानवतावादी कर्मचारी, संयुक्त राष्ट्रसंघ सम्बन्धित कर्मचारी र सम्पत्तिविरुद्ध हिंसा, धम्कीसहितका हिंसा र आक्रमणको कडा निन्दा गर्दछ । यसले विशेषगरी सशस्त्र द्वन्द्वका पक्षलाई शत्रुता आचरणमा भिन्नता, आनुपातिकता र सावधानीका सिद्धान्तको सम्मान गरी नागरिकको अस्तित्वका लागि अपरिहार्य वस्तु आक्रमण तथा नष्ट गर्नबाट टाढा रहन आग्रह गर्दछ ।

यसले सशस्त्र द्वन्द्वका सबै पक्षलाई अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लंघन गर्दै विष्फोटक उपकरणको अन्धाधुन्ध प्रयोगको अन्त्य गर्न आह्वान गर्दछ । यस खतरालाई प्रभावकारीरूपमा कम गर्न उचित उपाय लिन आवश्यक कुरामा जोड दिन्छ ।

प्रस्तावले मानवीय पहुँचको गैरकानुनी अस्वीकार र नागरिकको अस्तित्वका लागि अपरिहार्य वस्तुबाट वञ्चितीको कडा निन्दा गर्दछ । यसले सशस्त्र द्वन्द्वका सबै पक्षलाई आवश्यक नागरिकलाई पूर्ण, सुरक्षित, निर्वाध मानवीय पहुँचको अनुमतिसहित सुविधा प्रदान गरी मानवीय कर्मचारी, राष्ट्रसंघ सम्बन्धित कर्मचारीको सुरक्षा, स्वतन्त्रता र सुरक्षा प्रवर्द्धन गर्न आग्रह गर्दछ । प्रस्तावले गलत सूचना हेरफेर, र मानवतावादी कर्मचारी, र सम्पत्तिविरुद्ध हिंसाको निन्दा गर्दै कर्मचारीमा गलत सूचनाको प्रभावमा चिन्ता व्यक्त गर्दछ ।

यसले राज्यलाई अन्तर्राष्ट्रिय मानवीय कानुन र अन्तर्राष्ट्रिय मानवअधिकार कानुन उल्लंघन आफ्नो क्षेत्राधिकारभित्र पूर्ण, निष्पक्ष, प्रभावकारी अनुसन्धान गरी उपयुक्त घरेलु र अन्तर्राष्ट्रिय कानुनअनुसार जिम्मेवार व्यक्तिविरुद्ध कारबाही गर्न आग्रह गर्दछ । *रासस/सिन्ह्वा*

# छैटौं चरणको मतदान सम्पन्न

**नयाँदिल्ली–** जारी लोकसभा चुनावको छैटौं चरणको मतदान शनिबार छ वटा राज्य र दुई केन्द्र शासित प्रदेश (युटी)मा फैलिएको ५८ संसदीय निर्वाचन क्षेत्रमा सम्पन्न भएको छ । बिहान ७ बजे सुरु भएको मतदान साँझ छ बजेसम्म चलेको थियो । बिहान मतदान सुरु हुनुअघि ओडिसामा लोकसभा र विधानसभा चुनावका लागि विभिन्न क्षेत्रमा नमूना मतदान गरिएको

## लोकसभा चुनाव

थियो । छैटौं चरणको मतदानमा बिहारका आठ, हरियाणाका सबै, जम्मु-कश्मीरको एक, झारखण्डका चार, दिल्लीका सात, ओडिसाका छ, उत्तर प्रदेशका १४ र पश्चिम बंगालका आठ सिटका लागि मतदान भएको छ । जसमा कूल ८८९ उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन् ।

छैटौं चरणमा ओडिसाका ४२ वटा विधानसभा निर्वाचन क्षेत्रमा पनि मतदान भएको छ । जहाँ लोकसभा चुनावसँगै विधानसभा चुनाव भएको हो । यस चरणमा दिल्ली र हरियाणाका सबै संसदीय सिटमा मतदान भएको छ । प्रमुख उम्मेदवारमा दुई पूर्वमुख्यमन्त्री मनोहरलाल खट्टर र मेहबुबा मुफ्ती रहेका छन् । करनालबाट भाजपाका



उम्मेदवारका रूपमा खट्टर र अनन्तनाग-राजौरीबाट पिडिपी उम्मेदवार मेहबुबा मुफ्ती चुनाव लडेका छन् । केन्द्रीय शिक्षामन्त्री धर्मेन्द्र प्रधान, भाजपाका प्रवक्ता सम्बित पात्रा र पूर्वकेन्द्रीय मन्त्री मेनका गान्धी प्रमुख उम्मेदवार छन् । अन्य प्रमुख उम्मेदवारमा बांसुरी स्वराज, सोमनाथ भारती, मनोज तिवारी, कन्हैया कुमार, दिनेशलाल यादव उर्फ 'निरहुआ,' धर्मेन्द्र यादव, अभिजीत गंगोपाध्याय, अग्निमित्रा पल, नवीन जिन्दल, राज बब्बर, दीपेन्दर सिंह हुडा, कुमारी शैलजा र अपराजित सारंगिया रहेका छन् ।

केही प्रमुख सिटमा नयाँदिल्ली, उत्तर-पूर्वीदिल्ली, उत्तर-पश्चिम दिल्ली र राजधानीको चाँदनी चोक र उत्तर प्रदेशको सुल्तानपुर र आजमगढ समावेश छन् । प्रमुख सिटकैरूपमा जम्मु-कश्मीरको अनन्तनाग-राजौरी, पश्चिम बंगालको तामलुक, मेदिनीपुर, हरियाणाको कर्नाल, कुरुक्षेत्र, गुडगाँव, रोहतक र ओडिसाको भुवनेश्वर, पुरी र सम्बलपुरलगायत छन् ।

पछिल्लो दुई चुनावमा राजधानीका सातवटै लोकसभा सिट जितेको भाजपासँग दिल्लीमा आप र कांग्रेसले संयुक्तरूपमा प्रतिस्पर्धा गरिरहेका छन् । राजधानीमा कांग्रेसले तीनवटा सिटमा लडेको छ भने एएपीले चारवटा सिटमा लडेको छ । प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री अमित शाह र पार्टीका अन्य नेताको र्‍यालीले भाजपाको अभियानलाई बलियो बनाएको छ । सर्वोच्च अदालतद्वारा अन्तरिम जमानतमा रिहा भएका दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालले पनि आप र कांग्रेस उम्मेदवारका लागि मत मागेका छन् ।

आम आदमी पार्टी र कांग्रेसले हरियाणामा पनि हातेमालो गरेका छन् । जहाँ सन् २०१९ को लोकसभा चुनावमा भाजपाले सबै सिट जितेको थियो । हिसारसहित राज्यका केही सिटमा बहुआयामिक प्रतिस्पर्धा भइरहेको छ । यस राज्यमा लोकसभा चुनावको केही महिनापछि विधानसभा चुनाव हुने छ । आम चुनावको पहिलो पाँच चरणमा २५ राज्य र केन्द्र शासित प्रदेशका ४२८ संसदीय निर्वाचन क्षेत्रमा मतदान भइसकेको छ । जहाँ ११.१३ करोडभन्दा बढी मतदातामध्ये ५.८४ करोड पुरुष, ५.२९ करोड महिला पाँच हजार १२० तेस्रो लिंगका मतदाता छन् । *रासस/एएनआई*


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HAIR DRYER SALON COMPANY AND HEALTH INSTITUTE FOR WOMEN'S BEAUTY

पुर्व स्वीकृति मिति २०८१/०२/१२ | LT No. 305229 | चलानी नं. ६०२२०००५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 2 | 0 | 120 | ६४९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | HAIRDRESSER/HAIR STYLIST/BARBER | 0 | 2 | 150 | ३८९८८ | | | | | | | |
| 3 | NAIL TECHNICIAN/MANICURE/PEDICURE/BEAUTICIAN | 0 | 2 | 150 | ५६३१६ | | | | | | | |
| 4 | Recepionist | 0 | 1 | 150 | ५८४८२ | | | | | | | |

कम्पनी : AZMI RESTAURANT AND CAFE LEBANON COMPANY

पुर्व स्वीकृति मिति २०८१/०२/१२ | LT No. 305231 | चलानी नं. ६०२२०००६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 5 | 5 | 110 | ४७६५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Waiter/Waitress | 5 | 5 | 130 | ५६३१६ | | | | | | | |

कम्पनी : SAN RAMON GENERAL TRADING & CONTRACTING COMPANY

पुर्व स्वीकृति मिति २०८१/०२/१२ | LT No. 305230 | चलानी नं. ६०२२०००७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BEAUTICIAN/NAIL EXTENSION/HAIRDRESSER/MANICURE/PED | 0 | 7 | 150 | ६४९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | CLEANER/HELPER/WORKER | 2 | 2 | 90 | ३८९८८ | | | | | | | |
| 3 | KITCHEN HELPER/CHEF ASSISTANT/COOK HELPER/COOK ASS | 7 | 0 | 130 | ५६३१६ | | | | | | | |
| 4 | Waiters/Waitress | 3 | 3 | 135 | ५८४८२ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २० गते (2st June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

OMEGA INTERNATIONAL Govt. License No. 1352/074/075

Omega International Pvt. Ltd.
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NASSER S. AL-HAJRI & PARTNERS FOR CONT. CO.

पुर्व स्वीकृति मिति २०८१/०२/१२ | LT. No. 305262 | चलानी नं. ६०२२००१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 60 | 0 | 1000 | ३५४२३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Heavy Equipment Operator | 15 | 0 | 2500 | ८८५५८ | | | | | | | |
| 3 | SCAFFOLDER | 25 | 0 | 1200 | ४२५०८ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २० गते (2nd June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD. (Kumari Overseas Services Pvt. Ltd.) श्रम ईजाजत नं. ३३६/०५९/०६०
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590

## युएइमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AYADI HUMAN CAPITAL SOLUTIONS (AYADI)L.L.C.

पुर्व स्वीकृति मिति २०८१/०२/११ | LT. No. 305405 | चलानी नं. ६०२२००१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | MASON | 100 | 0 | 1200 | ४३३९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | SHUTTERING CARPENTER | 100 | 0 | 1200 | ४३३९६ | | | | | | | |
| 3 | STEEL FIXER | 100 | 0 | 1200 | ४३३९६ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः जनकपुरको पिआइटी ट्रेनिङ सेन्टर (PIT Training Center) मा मिति २०८१ जेठ २० गते (2nd June 2024) मा हुनेछ ।
अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति २०८१ जेठ २१ र २२ गते (3rd & 4th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Aadarsha Human Resources Pvt. Ltd
श्रम ईजाजत नं. १०२९/०६८/०६९
Sinamangal-9, Airport Kathmandu, Nepal. Tel: +977- 01-5914402
Fax: +977 1 4112703 Email: aadarshahr@gmail.com
Website : www.aadarshahr.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : HAJJAJ AHMED AL ZAHRANI CONTRACTING EST.

पुर्व स्वीकृति मिति २०८१/०२/११ | LT. No. 304411 | चलानी नं. ६०२२००२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 2 | 0 | 1900 | ६७३०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ जेठ २० गते (2nd June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कःनिःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com



## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - १३६९०० | प्रति तोला - १३६२५० | प्रति तोला - १८५५ |



**धौवादीमा पैदलमार्ग** | नवलपरासी (बर्दघाट सुस्तापूर्व)को हुप्सेकोट गाउँपालिका-५ धौवादीमा निर्माण गरिएको पैदलमार्ग । आन्तरिक पर्यटकलाई आकर्षित गर्न पैदलमार्ग निर्माण गरिएको हो । *तस्बिरः विष्णुप्रसाद गौडेल/रासस*

# ढल्केबर–इनरुवा प्रसारण लाइन अन्तिम चरणमा

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** ढल्केबर-इनरुवा चार सय किलोभोल्ट प्रसारण लाइन निर्माण अन्तिम चरणमा पुगेको छ । माथिल्लो तामाकोशी जलविद्युत् आयोजनालगायत अन्य आयोजनाबाट उत्पादित बिजुली देशका पूर्वी भेगमा प्रवाह गर्ने हेटौँडा-ढल्केबर-इनरुवा प्रसारण लाइनको काम अन्तिम चरणमा पुगेको आयोजनाका प्रमुख श्याम यादवले बताए ।

'पूर्वी खण्डको काम सम्पन्न हुने चरणमा छ । ढल्केबर पश्चिम खण्डमा भने विभिन्न स्थानमा अझै पनि अवरोध छ । अवरोध हटाएर आयोजना सम्पन्न गर्न हामी लागिपरेका छौँ,' उनले भने । देशभित्रको विद्युत् प्रसारण प्रणाली सुदृढीकरण र नेपाल-भारतबीचको विद्युत् व्यापारका लागि निर्माणाधीन हेटौँडा-ढल्केबर-इनरुवा चार सय केभी डबल सर्किट प्रसारण लाइन आयोजना सुरु गरिए पनि स्थानीयको अवरोध, वन क्षेत्रको जग्गा प्रयोगलगायत समस्याका कारण रुग्ण बन्दै आएको छ ।

पूर्वी खण्डको काम सम्पन्न भएपछि माथिल्लो तामाकोशीलगायत आयोजनाको बिजुली पूर्वी भागका औद्योगिक क्षेत्रमा मागअनुसार आपूर्ति गर्न सहज हुनेछ । मकवानपुरको हेटौँडा उपमहानगरपालिका-११ स्थित थानाभऱ्याङबाट सुरु भई धनुषाको ढल्केबर हुँदै सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-४ स्थित इनरुवा सबस्टेसनसम्मको प्रसारण लाइनको लम्बाइ दुई सय ८८ किलोमिटर छ । पूर्वी खण्डको काम प्रायः पूरा भएकाले उद्घाटनको तयारी भएको तथा त्यसनिम्ति ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई अनुरोध गरिएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ ।

प्रसारण लाइनलाई हेटौँडा-ढल्केबर एक सय ३४ किलोमिटर र ढल्केबर-इनरुवा एक सय ५४ किलोमिटरलाई दुई खण्डमा विभाजन गरी विगत ११ वर्षदेखि काम जारी छ । पहाडी, शिवालिक चुरे र तराई क्षेत्रमा पर्ने प्रसारण लाइनका लागि सात सय ९२ वटा टावर निर्माण गर्नुपर्छ । धेरै जसो टावरको काम भए पनि स्थानीयवासीले प्रसारण लाइनको मार्ग स्थानान्तरण गरिदिन माग गर्दै अवरोध गरेका कारण बाँकी ३५ वटा टावरको काम नै रोकिएको छ ।

मोरङ-सुनसारी औद्योगिक करिडोरलगायत समग्र पूर्वी नेपालको माग धान्नका लागि भारतबाट थप विद्युत् आयात तथा वर्षायाममा देशभित्र खपत गरी बचत भएको विद्युत् निर्यात गर्न यो प्रसारण लाइन जतिसक्दो चाँडो सम्पन्न गर्नुपर्ने दबाबमा प्राधिकरण छ । प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले रणनीतिक महत्वका हेटौँडा-ढल्केबर-इनरुवा प्रसारण लाइन सम्पन्न गर्न राज्यको सम्पूर्ण संयन्त्रले सहयोग नगर्ने हो ठूलो विपत् आउनसक्ने बताए । कूल ४००/२२० केभी क्षमताका तीनवटा सबस्टेसन निर्माण सम्पन्न भइसकेको छ ।

हेटौँडा उपमहानगरपालिका वडाहरू १५, १६ तथा १७ स्थिति हटिया र सर्लाहीको लालबन्दी नगरपालिकाको जियाजोर क्षेत्रमा करिब ६ वर्षदेखि निर्माणमा अवरोध छ । हटिया क्षेत्रमा १४, हेटौँडा-११ स्थित थानाभऱ्याङमा दुई र जियाजोर क्षेत्रमा आठवटा टावर निर्माणमा अवरोध छ । थानाभऱ्याङमा रहेको सबस्टेसनमा लाइन जडानका लागि दुईवटा टावर निर्माण गर्नुपर्नेछ । यसबाट ऐलानी जग्गामा बनेका ४६ वटाभन्दा बढी घर प्रभावित हुनेछन् ।

स्थानीयको अवरोध अन्त्य गर्न प्राधिकरणको निरन्तर प्रयास जारी छ । यद्यपि यसमा सफलता प्राप्त भएको छैन । प्रसारण लाइन मकवानपुरबाट बारा- रौतहट,-सर्लाही-महोत्तरी-धनुषा-सिराहा-उदयपुर-सप्तरीहुँदै सुनसरीको इनरुवासम्म निर्माण हुनेछ । प्रसारण लाइनको मार्ग परिवर्तनको माग गर्दै निर्माणमा स्थानीयको अवरोध, सर्वोच्च अदालतको अन्तरिम आदेश, वन क्षेत्रको जग्गा प्रयोग तथा रूख कटान स्वीकृतिको प्रक्रियागत उल्झन, ठेकेदारको कमजोर कार्यसम्पादनलगायत कारणले निर्माण प्रभावित भएको छ । कूल ३० महिनामा निर्माण सम्पन्न गर्ने २०६९ सालको माघमा ठेक्का सम्झौता भएको थियो ।

हेटौँडा-ढल्केबर-इनरुवा चार सय ४० केभी प्रसारण लाइन विद्यमान एक सय ३२ केभी प्रसारण लाइन र पूर्व-पश्चिम राजमार्गको नजिक र प्रायः समानान्तर छ । प्रसारण लाइनको मार्गाधिकार क्षेत्र प्रसारण लाइनको केन्द्र विन्दुबाट दायाँबायाँ २३ मिटर हुनेछ । आयोजनाले पाँच सय १८ हेक्टर वन क्षेत्रमा रहेका रूखहरू काट्नुपर्ने र ३० हेक्टर निजी कृषियोग्य जमिम अधिग्रहण गर्नुपर्नेछ । मार्गाधिकारमा चार सय ७५ हेक्टर निजी जग्गा र एक सय ७१ वटा घर तथा अन्य संरचना प्रभावित हुनेछन् ।

कूल १७ करोड अमेरिकी डलर अनुमानित लागतको आयोजनामा नेपाल सरकार, विद्युत् प्राधिकरणको लगानी छ । यसअघि सो आयोजनाका लागि विश्व बैङ्कले सहुलियतपूर्ण ऋण उपलब्ध गराएको थियो । विश्व बैङ्कले आयोजनाबाट हात झिकेपछिको ऋण प्रवाह रोकिएसँगै बाँकी काम सरकार र प्राधिकरणले पूरा गर्नुपर्नेछ ।

# ९८ अर्ब थपियो सार्वजनिक ऋृण

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** मुलुकले भुक्तान गर्न बाँकी सार्वजनिक ऋण करिब रु २४ खर्ब रहेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले जनाएको छ । साथै चालु आर्थिक वर्षको १० महिनामा रु ९८ अर्ब ऋण थपिएको छ । यो चालु आवको १० महिनाको भुक्तानी गर्न बाँकी सार्वजनिक ऋण हो ।

'चालु आर्थिक वर्ष २०८०/८१ को सुरुमा कूल सार्वजनिक ऋण रु २२ खर्ब ९९ अर्ब रहेकामा २०८१ वैशाख मसान्तसम्ममा रु ९८ अर्ब आठ करोड थप प्राप्त भई कूल ऋण रु २३ खर्ब ९७ अर्ब रहेको छ', सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको प्रतिवेदनमा उल्लेख छ, 'चैत महिनाको तुलनामा कूल सार्वजनिक ऋण रु ११ अर्ब ६४ करोड थप भएको छ । कूल गार्हस्थ्य उत्पादनका आधारमा सार्वजनिक ऋण ४२ दशमलव ०२ प्रतिशत हुन आउँछ ।'

गत वैशाख मसान्तसम्मको कूल सरकारी ऋणमा आन्तरिक ऋणको दायित्व रु ११ खर्ब ८४ अर्ब ४८ करोड बराबर रहेको छ । यो अवधिसम्मको आन्तरिक ऋण मुलुकको कूल गार्हस्थ्य उत्पादन (जिपिडी) को २० दशमलव ७६ प्रतिशत प्रतिशत बराबर हो । त्यस्तै बाह्य ऋण दायित्व रु १२ खर्ब १२ अर्ब ९५ करोड बराबर पुगेको छ । जिडिपी अनुपातमा बाह्य ऋणको दायित्व २१ दशमलव २६ प्रतिशत बराबर हो ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालु आर्थिक वर्षको वैशाख मसान्तसम्ममा सरकारले कूल रु दुई खर्ब ६४ अर्ब ६३ करोड बराबर ऋण उठाउँदा रु एक खर्ब ६६ अर्ब ५५ करोड ४४ लाख बराबर साँवा ब्याज भुक्तानी गरेको छ । यो अवधिमा सरकारले उठाएको ऋणमध्ये आन्तरिक ऋण रु एक खर्ब ९१ अर्ब र बाह्य ऋण रु ७३ अर्ब ६३ करोड बराबर हो । त्यस्तै, साँवा ब्याज भुक्तानीतर्फ आन्तरिक ऋणको साँवाब्याज भुक्तानीमा रु एक खर्ब ३५ अर्ब ६२ करोड र बाह्य ऋणको साँवाब्याजतर्फ रु ३० अर्ब ९३ करोड बराबर भुक्तानी भएको छ ।

गत वैशाख मसान्तसम्ममा वार्षिक लक्ष्यको ५८ दशमलव ४५ प्रतिशत बराबर ऋण उठाइएको पनि कार्यालयले जनाएको छ । 'चालु आर्थिक वर्षमा रु चार खर्ब ५२ अर्ब सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखिएकामा वैशाख मसान्तसम्ममा रु दुई खर्ब ६५ अर्ब ऋण प्राप्ति भएको छ', कार्यालयको प्रतिवेदनमा भनिएको छ, 'वार्षिक लक्ष्यको तुलनामा कूल सार्वजनिक ऋण प्राप्ति ५८ दशमलव ४५ प्रतिशत र आन्तरिक ऋण प्राप्ति ७९ दशमलव ५८ प्रतिशत तथा बाह्य ऋण प्राप्ति ३४ दशमलव ६१ प्रतिशत रहेको छ ।'

चालु आर्थिक वर्षका लागि सार्वजनिक ऋणको साँवा तथा ब्याज भुक्तानीका लागि रु तीन खर्ब ३० अर्ब बराबर वार्षिक बजेट विनियोजन भएको थियो । वैशाख मसान्तसम्ममा रु दुई खर्ब २२ अर्ब बराबर भुक्तानी भएको छ । यो वार्षिक विनियोजनका आधारमा ७० दशमलव ५७ प्रतिशत बराबर हो ।

## लक्ष्यभन्दा बढी राजस्व संकलन

**भद्रपुर (प्रस)–** भद्रपुर नगरपालिकाले चालु आर्थिक वर्षको १० महिनामा रु चार करोड ८६ लाख ६६ हजार सात सय ७४ राजस्व सङ्कलन गरेको छ । नगरपालिकाले गत आवको सोही अवधिको तुलनामा रु एक करोड १६ लाख ७२ हजार आठ सय २९ रकम बढी राजस्व सङ्कलन गरेको सूचना अधिकारी नेत्रप्रसाद पोख्रेलले बताए ।

सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरू

- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- आफ्नो नजिक सर्पदशं उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।
- सर्पले डसेका व्यक्तिलाई तुरून्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं ।
- सवारी साधनमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- झारफूक लगायतका गलत परम्परागत उपचार विधितिर नलागौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# अण्डाको वैज्ञानिक मूल्यको खोजी

**चितवन –** पछिल्ला वर्षहरूमा कुखुरा पालक किसानले अण्डाको लागत मूल्य पाउन नसकेपछि विज्ञ समूह बनाएर अण्डाको वास्तविक लागत मूल्य खोजी गरेका छन् । न्यून मूल्यमा अण्डा बिक्री गर्नु परेपछि अधिकांश किसान विस्थापित हुन थालेपछि लागत मूल्यको खोजी गरिएको हो ।

नेपाल कुखुरा व्यवसायी मञ्चको अग्रसरतामा पोल्ट्री विज्ञ डा. तिलचन्द्र भट्टराई, कृषि तथा वन विज्ञान विश्व विद्यालयका सहप्राध्यापकहरू डा.रेवन्त भट्टराई, डा.सुविर सिंह, उपप्राध्यापक डा.अनन्त दाहाल र डा.विष्णु पोखरेल समूहले अण्डाको वैज्ञानिक लागत मूल्य निकालेको हो ।

मञ्चका निवर्तमान अध्यक्ष राजेन्द्र लामिछानेका अनुसार अण्डा प्रतिगोटा रु.१६.५६ किसानको लागत मूल्य विज्ञ समूहले निकालेको छ । हाल फार्म मूल्य किसानले सरदर रु.१५.३३ पाउने गरेका छन् । लागत मूल्यका बारेमा स्थानीयस्तरमा सरकारी र निजी क्षेत्रसँग छलफल गरेर समर्थन मूल्य निर्धारणका लागि सरकारलाई अनुरोध गर्ने निर्णय गरिएको छ ।

उनका अनुसार उद्योग वाणिज्य संघ चितवनका उपाध्यक्ष अशोक अधिकारी, उद्योग संघ चितवनका अध्यक्ष सूर्यप्रसाद न्यौपाने, उद्योग वाणिज्य संघ रत्ननगरका अध्यक्ष शंकर गिरी, चितवन च्याम्बर अफ कमर्सका अध्यक्ष गोपाल भट्टराई, भरतपुर महानगरपालिका वडा नं. २ का अध्यक्ष मनोज रानाभाट, पशु सेवा कार्यालय चितवनका पशु चिकित्सक बब्लु ठाकुर, राष्ट्रिय पन्छी रोग अन्वेषण प्रयोगशालाका पशु चिकित्सक इन्दु राय यादवको उपस्थितिमा छलफल गरिएको हो ।

यसैगरी नेपाल पोल्ट्री महासंघका महासचिव दिनेश मिश्र, नेपाल लेयर्स कुखुरा पालक संघका अध्यक्ष विनोद पोखरेल, चितवन नवलपुर दाना वितरक संघका अध्यक्ष तेजनारायण पाण्डे, नेपाल दाना उद्योग संघ चितवनका अध्यक्ष बालचन्द्र खनाल, नेपाल ह्याचरी उद्योग संघका बागमती प्रदेश अध्यक्ष ज्ञानु विसुराल लगायत सरोकार पक्षबीच छलफल भएको थियो ।

कार्यक्रममा डा. अनन्त दाहालले अण्डाको लागत मूल्य रु.१६.५६ हुनुका कारणबारे प्रकाश पार्नुभएको थियो । फर्म निर्माण, चल्ला खरिद, दानाको खपत, बैंक व्याज, औषधि, मजदुर लगायतलाई समेटेर लागत मूल्य तय गरिएको उहाँले जानकारी दिनुभयो । सो अवसरमा सहभागीहरूले अब पनि लागत मूल्यभन्दा कममा अण्डा बिक्री भएमा नेपालमा पोल्ट्री क्षेत्र समाप्त हुने भन्दै बजारीकरणमा जुट्न सुझाव दिएको संघका अध्यक्ष रघुनाथ भट्टले जानकारी दिए ।

कार्यक्रममा नेपाल लेयर्स कुखुरा पालक संघका अध्यक्ष विनोद पोखरेलले हालको अण्डाको बजारको अवस्था र उत्पादनको बारेमा जानकारी गराएका थिए । उनका अनुसार यस अघि धेरै उत्पादन भएको तुलनामा अहिले अण्डाको उत्पादन आधा घटेको छ ।

नेपालमा धेरै उत्पादन हुँदा दैनिक ६० लाख वटासम्म अण्डा उत्पादन भएको अनुमान गरिन्छ । हाल दैनिक २८ लाख मात्रै अण्डा उत्पादन हुँदै आएको छ । पोखरेलले ७५ प्रतिशत किसान लागत मूल्यमा उत्पादन बिक्री गर्न नपाएपछि विस्थापित हुनु परेको बताए । टिकेकाहरूले पनि बैंकको ऋण थप गरेर व्यवसाय धानेको उनको भनाई छ । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ